# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक ३११ | काठमाडौं | शुक्रबार, २३ फागुन २०८१ | Prabhab National Daily | Friday, March 07, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


## सवारी लाइसेन्स पाउन १८ वर्ष पुग्नुपर्ने !

■ **जेबी योञ्जन**



**काठमाडौं–** गत साउनयता काठमाडौं उपत्यकामा ६ हजार ८३४ वटा सवारी दुर्घटनामा परे । ती सवारीका चालकमध्ये दुई हजार २०० चालकको उमेर १६–२५ वर्ष भएको काठमाडौं उपत्यका ट्राफिक कार्यालयले जनाएको छ ।

यो सङ्ख्या दुर्घटनामा परेका सवारीका चालकमध्ये एक तिहाइ हो । यसले नीति निर्माण प्रक्रियामा संलग्नलाई झस्को परेको छ र यातायातसम्बन्धी ऐन संशोधन गरेर सवारी चालक अनुमति पत्र प्राप्तिको उमेरमै पुनर्विचार गरिने भएको छ । त्यससम्बन्धी प्रस्ताव भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले अघि बढाएको छ ।

सर्वसाधारणको सुझाव सङ्कलन गर्न मन्त्रालयले वेबसाइटमा राखेको नयाँ सवारी तथा यातायात ऐनको मस्यौदामा दुई पाङ्ग्रे सवारी साधन प्राप्तिको उमेर १८ वर्ष प्रस्ताव गरिएको छ । मौजुदा ऐनमा १६ वर्ष छ । अर्थात्, नागरिकता प्राप्तिकै उमेरमा लाइसेन्सका लागि योग्य हुने प्रावधान ऐनमा छ । तर, दुर्घटनामा परेका सवारीका एक तिहाइ चालकको उमेर १६ देखि २५ भएपछि लाइसेन्स प्राप्त गर्ने उमेर बढाउन लागेको मन्त्रालयकी सूचना अधिकारी शुभा श्रेष्ठले बताइन् ।

'दुर्घटनामा परेकामध्ये एक तिहाइ कलिला उमेरका देखियो । एउटा जोस हुने उमेर भएकाले तीव्र गतिमा सवारी चलाउँदा दुर्घटना भएको हुने स्थिति छ, यसले गर्दा उमेर बढाउने प्रस्ताव गरिएको हो,' उनले प्रभावसँग भनिन्, 'कार तथा जीपजस्ता मझौला सवारी साधनको लाइसेन्स लिन २१ वर्ष पूरा भएको हुनुपर्ने प्रस्ताव गरिएको छ । हाल

⏭ सवारी दुर्घटनामा परेकामध्ये एक तिहाइ १६–२५ वर्षका युवायुवती

⏭ दुई पाङ्ग्रे १८ वर्ष र मझौला सवारीका लागि २३ वर्ष उमेर प्रस्ताव

कानुनअनुसार १८ वर्ष भएपछि मझौला सवारी साधनको चालक अनुमतिपत्र पाइन्छ । सवारीसाधन चलाउन २३ वर्ष पूरा भएपछि मात्रै लाइसेन्स पाइने व्यवस्था प्रस्ताव गरिएको छ । अहिले २१ वर्ष उमेर पूरा भए पछि ठूला सवारी साधनको लाइसेन्स लिन सकिने व्यवस्था छ ।

मन्त्रालयले अहिले सरोकारवालाबाट राय सुझाव लिनका लागि विधेयक सार्वजनिक गरेको हो । सार्वजनिक भएको मितिले १५ दिनभित्र आएका सुझावमा आधारमा परिमार्जन गरेर मात्रै संसद्मा दर्ता गराउने प्रक्रियामा जाने भएको उनले बताइन् । सवारी साधन अनुमति पत्र ६० वर्षभन्दा बढी उमेरकालाई नदिने व्यवस्था पनि प्रस्तावमा गरिएको छ । आठ कक्षा उत्तीर्णलाई मात्रै सवारीचालक अनुमतिपत्र दिने व्यवस्था पनि प्रस्तावमा छ ।

मन्त्रालयले सवारीचालक अनुमतिपत्रको नवीकरणमा लाग्ने जरिवाना घटाउन अर्को प्रस्ताव पेस गरेको छ । अहिले पाँच वर्षको अधिकतम ५०० प्रतिशत जरिवाना लाग्दै आएको छ । प्रस्तावित विधेयकमा अधिकतम जरिबाना ३०० प्रतिशत राख्न सझुाएका छन् । मन्त्रालयले प्रस्ताव गरेको विधेयकमा दुईपाङ्ग्रे सवारीसाधनको पछाडि बस्ने यात्रुले पनि हेल्मेट लगाउनुपर्ने नियम प्रस्ताव गरिएको छ ।

### अन्तर्राष्ट्रिय चालक लाइसेन्स

भौतिक मन्त्रालयले मस्यौदा विधेयकमा नेपालबाट पनि अन्तर ष्ट्रिय चालक अनुमतिपत्र जारी गरिने व्यवस्था प्रस्ताव गरेको छ । विधयेकमा भनिएको छ, 'सवारीचालक अनुमति पत्रको म्याद बहाल रहेको नेपाली नागरिकलाई विदेशमा सवारी चलाउनको लागि तोकिएको प्रक्रिया पूरा गरी अन्तर ष्ट्रिय चालक अनुमति (आईजीडी) लिने ।' यतबिला नेपालबाट जारी भएको सवारीचालक अनुमतिपत्रका आधारमा भारतमा सवारीसाधन चलाउन पाइन्छ । त्यस्तै अस्ट्रेलिया, क्यानडा तथा अमेरिकाजस्ता देशका कतिपय स्थानमा पनि परीक्षणकालका लागि चलाउन पाइने अवस्था रहेको उल्लेख छ ।

⏭ क्रमशः पृष्ठ २ मा

## कुलमानले टेर्दैनटेरेको ऊर्जामन्त्री खड्काको गुनासो

'लोडसेडिङको अन्त्य गरेर उहाँ (कुलमान घिसिङ)लाई नायकको उपाधि दिइरहेका छौँ तपाईं हामीले । लोडसेडिङको अन्त्य हुँदै गर्दा भारतबाट ४५० मेगावाट विद्युत आयात गरेका थियौं । हामीले हाम्रा छिमेकीहरूलाई धन्यवाद दिउँन । तत्कालीन लोडसेडिङको श्रेय भारतलाई जानुपर्छ

■ **दीपक खड्का**
**मन्त्री ऊर्जा, जलस्रोत तथा सिंचाइ**

मन्त्रीजस्ता व्यक्तिले संसदमा झुटा विवरण दिनुहुँदैन । त्यस्ता झुटा कुरा हामी सुनेर बस्दैनौ । हामी मान्न तयार छैनौं । कुलमान घिसिङ ८ वर्षअघि कार्यकारी निर्देशक हुँदा नेपाल विद्युत प्राधिकरण ३५ अर्ब घाटामा थियो । अहिले ८७ अर्ब कमाएर ३५ अर्ब ऋण तिरेर पनि नाफामा छ

■ **राजेन्द्र लिङ्देन**
**अध्यक्ष, राप्रपा**

उहाँको देवत्वकरण पनि नगरौ । केही राम्रो पक्ष होलान् । नेपालको कर्मचारीतन्त्र दुधले नुहाएको चै छैन । उहाँलाई देवत्वकरण गरेर टाउकोमै बोकेर हिड्ने हो भने सबै प्रतिपक्षी दलहरूको अध्यक्ष उहाँलाई नै बनाइदिउँ । ढुक्क हुन्छ त्यति भएपछि

■ **श्यामकुमार घिमिरे**
**प्रमुख सचेतक, नेपाली कांग्रेस**





### अख्तियारी पाउनसाथ चारबुँदे स्पष्टीकरण

ऊर्जा मन्त्रालयले विद्युत प्राधिकरणका कार्यकारी निर्देशक घिसिङसँग चार बुँदे स्पष्टीकरण सोधेको छ । बुधबारको मन्त्रिपरिषद्बाट अख्तियारी पाउनसाथ मन्त्रालयका सचिव सुरेश आचार्यले घिसिङलाई चार बुँदे स्पष्टीकरण सोधेको हो । मन्त्रालयले घिसिङलाई तीन दिनभित्र स्पष्टीकरण बुझाउनसमेत भनेको छ । 'तीन दिनभित्र नेपाल सरकार, मन्त्रिपरिषद् समक्ष सफाइ पेश गर्न मौका दिने भनी नेपाल सरकार, मन्त्रिपरिषद्को बुधबारको निर्णयानुसार आफ्नो सफाइ पेश गर्नु हुन जानकारी गराइन्छ,' स्पष्टीकरण पत्रमा भनिएको छ । यसअघि घिसिङलाई ऊर्जा मन्त्रालयले पुस २२ गते र फागुन १३ गते स्पष्टीकरण सोधेको थियो ।

*-मन्त्रालय र तपाईं बीच मिति २०७८ माघ ५ मा भएको कार्यसम्पादन सम्झौताको दफा ९.५ को समयसीमा भित्र आर्थिक वर्ष २०८०/०८१ को कार्यसम्पादन प्रतिवेदन पेश नगरी सम्झौताको शर्त उल्लंघन गर्नु भएको कारण सोही सम्झौताको दफा १०.३ को अवस्था उत्पन्न भएकोले सोही दफा १०.३ बमोजिम तपाईंसँगको सम्झौता अन्त्य गरी तपाईको नियुक्ति रद्द किन नगर्ने ?*

⏭ क्रमशः पृष्ठ २ मा

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** ऊर्जामन्त्री दीपक खड्काले आफूलाई नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले टेर्दै नटेरेको गुनासो गरेका छन् । घिसिङलाई जसरी पनि प्राधिकरणबाट हटाउन हात धोएर लागेका मन्त्री खड्काले मन्त्रिपरिषद्बाट स्पष्टीकरण सोध्ने अख्तियारी लिएर आएसँगै यस्तो दाबी हुन् ।

बुधबार बसेको मन्त्रिपरिषद् बैठकले घिसिङले पदबाट किन नहटाउने भनी ? स्पष्टीकरण सोध्ने जिम्म ऊर्जामन्त्रालयलाई दिएसँगै यो विषयले प्रतिनिधि सभा तरंगित भएको थियो । बुधबारको प्रतिनिधि सभामा प्रतिपक्षी दलका सांसदहरूले यसबारे जवाफ मागेपछि खड्काले कार्यसम्पादनको प्रतिवेदन माग्दा घिसिङले अटेरी गरेको बताएका हुन् ।

'यो भदौमा उनले कार्यसम्पादनको लागि अनुरोध गर्नुभएन । मूल्याङ्कन हुने कुरै भएन । भदौ व्यतीत भइसकेपछि असोजमा उनलाई लिखित रूपमा स्मरण गराइयो । तपाईंले कार्यसम्पादन बुझाउनु भएन भनेर, त्यसलाई बेवास्ता गरियो । र, एकै चोटि पुसमा ल्याएर उनले आफैंले नम्बर दिएर मेरो ९८.९९ प्रतिशत आएको छ है भनेर मन्त्रालयलाई दिनुभयो,' मन्त्री खड्काले भने, 'यसको अर्थ के हो भने विद्यार्थी यदि जाँचमै सहभागी भएन भने उसले कति नम्बर प्राप्त गर्छ ? त्यस कारणले कि मलाई भनिदिनुपऱ्यो उहाँ कानुनभन्दा माथि हुनुहुन्छ भनेर, अनि संविधानमा पनि लेखिदिनुपऱ्यो । हामीले ल्याएको व्यवस्था त्यस्तो होइन । सबै नागरिकहरू यस संविधानअन्तर्गत रहनेछन् । कानुनको परिपालना गर्ने सबैको दायित्व हो । त्यस कारण उनले शून्य नम्बर पाउनुभएको हो । उहाँले चिन्दै चिन्नुभएन, टेर्दै टेर्नुभएन ।'

ऊर्जामन्त्री खड्काले धेरैले कुलमानले लोडसेडिङ अन्त्य गरेको भनेर भ्रम छरेकोसमेत दाबी गरे । उनले लोडसेडिङ अन्त्यको श्रेय भारतलाई दिनुपर्नेसमेत बताए । 'लोडसेडिङको अन्त्य गरेर उहाँ (कुलमान घिसिङ)लाई नायकको उपाधि दिइरहेका छौं तपाईं हामीले ।

⏭ क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

## स्वास्थ्य परीक्षणमा 'सिन्डिकेट' नहटे आन्दोलनमा उत्रने मेडिकल व्यवसायीको चेतावनी

■ **ममता थापा**




**काठमाडौं–** नेपाल मेडिकल व्यवसायी संघले स्वास्थ्य परीक्षणमा हुने 'सिन्डिकेट' तत्काल हट्नुपर्ने माग गरेको छ । केही व्यवसायीको प्रभावमा परेर सरकारले स्वास्थ्य परीक्षणको दायरा सीमित पारेको नेपाल मेडिकल व्यवसायी संघका महासचिव कृष्णप्रसाद बजगाईले आरोप लगाए । 'श्रम मन्त्रालय र परराष्ट्र मन्त्रालयका सबै संयन्त्र ३६ वटा व्यवसायीको प्रभावमा परेको देखिन्छ,' बिहीबार काठमाडौंको बसुन्धरामा आयोजित पत्रकार सम्मेलनमा बजगाईंले भने, 'सरकारलाई कस्तो खालको मापदण्ड आवश्यक छ त्यो हामी बनाउन तयार छौं ।'

पछिल्लोपटक सरकारले २१२ स्वास्थ्य संस्थालाई नयाँ मापदण्डअनुसार योग्य भएको प्रमाणपत्र दिएको छ । तर तीमध्ये ३६ स्वास्थ्य संस्थालाई मलेसिया र १९ वटालाई गाम्काको नाममा सञ्चालन गराइरहेको छ । 'भर्खरै सरकारले २१२ लाई नै नयाँ मापदण्डअनुसार योग्य छौ भनेर प्रमाणपत्र दिएको छ । अनि काम चाहिँ सीमित व्यवसायीलाई मात्र दिने ?' बजगाईं प्रश्न गर्छन्, 'अरु व्यवसायीले पनि करोडौं धरौटि राखेका छन्, आवश्यक उपकरण जोडेर मापदण्ड पुऱ्याएका छन् । अनि राज्यले विभेद गर्ने ?'

⏭ नेपालमा आधिकारिक रूपमा दर्ता भई सञ्चालनमा रहेका स्वास्थ्य संस्थाको बारेमा मलेसियाले नेपालसँग आधिकारिक धारणा मागे पनि अहिलेसम्म मापदण्डअनुसार चलेका स्वास्थ्य संस्थाको नामावली पठाएको छैन

⏭ श्रममन्त्री शरतसिंह भण्डारीसँग पटकपटक यस विषयबारे जानकारी गराउँदा समाधानका लागि काम गर्ने आश्वासन दिए पनि अहिलेसम्म सिन्को नभाँचेको गुनासो

⏭ श्रम मन्त्रालय र परराष्ट्रमा केही व्यवसायीका पक्षमा काम गर्न गिरोहहरु सक्रिय भएको आरोप


आफ्नो माग सम्बोधन नभए सडकमा उत्रन बाध्य हुने चेतावनीसमेत संघले दिएको छ । 'हाम्रो मागको सुनुवाई नभए सम्पूर्ण स्वास्थ्य संस्था बन्द गरी सरकारलाई तालाचाबी बुझाउँछौं,' महासचिव बजगाईंले भने । निश्चित व्यवसायीको इशारामा मुल्यमा समेत 'कार्टेलिङ' गर्ने गरी चलखेल भइरहेको व्यवसायीको आरोप छ ।

२०७६ भदौ २४ र २५ मा मलेसियामा भएको दोस्रो 'जोइन्ट वर्किङ ग्रुप'को बैठकमा नेपालले पठाएका १२२ वटा संस्थामध्ये हाल ३६ वटा स्वास्थ्य संस्थाहरूले बायो मेडिकल सिस्टममा आबद्ध रही स्वास्थ्य परीक्षण गर्ने र ती बाहेकको ८६ वटा स्वास्थ्य संस्थाको हकमा नोभेम्बर २०१९ को पहिलो सातादेखि प्राविधिक टोलीबाट मापदण्ड परीक्षण शुरु गर्ने सहमति भएको थियो । तर हालसम्म अरु मेडिकललाई श्रम र परराष्ट्र मन्त्रालयले मान्यता दिएको छैन ।

श्रममन्त्री शरतसिंह भण्डारीसँग पटकपटक यस विषयबारे अवगत गराउँदा समाधानका लागि काम गर्ने आश्वासन दिए पनि अहिलेसम्म सिन्को नभाँचेको उनीहरूको गुनासो छ । श्रममन्त्री भण्डारी सिन्डिकेट पक्षधर ३६ जना व्यवसायीको आर्थिक चलखेलको प्रभावमा परेको उनीहरूको दाबी रह्यो ।

नेपालमा आधिकारिक रुपमा दर्ता भई सञ्चालनमा रहेका स्वास्थ्य संस्थाको बारेमा मलेसियाले नेपालसँग आधिकारिक धारणा मागे पनि अहिलेसम्म सबै स्वास्थ्य संस्थाको नामावली पठाएको छैन । यसमा गिरोहहरू सक्रिय भएको परराष्ट्र मन्त्रालयका उच्च अधिकारीहरूमार्फत आफूले जानकारी पाएको महासचिव बजगाइँले दाबी गरे ।

⏭ क्रमशः पृष्ठ २ मा

**पृष्ठ १ बाट क्रमशः**

## कुलमानल...

लोडसेडिङको अन्त्य हुँदै गर्दा भारतबाट ४५० मेगावाट विद्युत आयात गरेका थियौं', खड्काले भने, 'तत्कालीन अवस्थामा नेपालको आवश्यकता ४२५ मेगावाटमा थियो । अर्कोतिर उद्योगमा साँझमा कम विद्युत दिएर लोडसेडिङ कम भयो भनियो । यो बरु हामीले हाम्रा छिमेकीहरूलाई धन्यवाद दिउँ न । हाम्रो आवश्यकता परिपूर्ती गरेकोमा भारतलाई धन्यवाद दिउँ । उहाँ (भारत)लाई चाहिँदा पनि हामीलाई ४५० मेगावाट किन्न दिनुभयो । त्यसकारण यही सभाबाट भन्छु तत्कालीन लोडसेडिङको श्रेय भारतलाई जानुपर्छ ।'

मन्त्री खड्काले प्राधिकरणलाई कुलमानले नाफामा ल्याएको कुरा झुटो भएकोसमेत दाबी गरे । 'लाल आयोगले २२ अर्बको साटो ६ अर्ब भनेको छ । २२ अर्ब नाफा हो भनेर देखाइएको छ । २२ अर्ब उठाउन अरबिन्दकुमार मिश्रको संयोजकत्वमा समिति गठन गरिएको छ । उक्त समितिलाई कुनै प्रमाण दिइएको छैन,' खड्काले भने । नाफा प्रतिपक्षी दल राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनले भने सदनमा मन्त्री खड्काले झुटा विवरण पेश गरेको आरोप लगाए । 'मन्त्री सरकारको प्रतिनिधि हो । मन्त्रीजस्ता व्यक्तिले संसदमा झुटा विवरण दिनुहुँदैन । सबै मूर्खमात्र यहाँ छन् भन्ने नठान्नुस्,' लिङ्देनले भने ।

घिसिङ आउनुअघि ३५ अर्ब ऋणमा रहेको प्राधिकरण अहिले नाफामा रहेको र यसलाई माइनस गर्न खोजिएको लिङ्देनको दाबी थियो । 'मन्त्रीजीले सबै प्रतिपक्षीमाथि खनिनुभयो । त्यस्ता झुटा कुरा हामी सुनेर बस्दैनौ । हामी मान्न तयार छैनौं । कुलमान घिसिङ ८ वर्षअघि कार्यकारी निर्देशक हुँदा नेपाल विद्युत प्राधिकरण ३५ अरब घाटामा थियो । अहिले ८७ अर्ब कमाएर ३५ अरब ऋण तिरेर पनि नाफामा छ,' लिङ्देनले भने, 'अनि मन्त्रीले झुटा तथ्याङ्क दिइयो भन्ने ?'

नेपाली कांग्रेसका प्रमुख सचेतक श्याम घिमिरेले भने कुलमानलाई प्रतिपक्षी दलको अध्यक्ष बनाउन सुझाव दिए । एक कर्मचारीको पक्षमा उभिएर यसलाई दलीयकरण गर्न नहुने घिमिरेको तर्क थियो । 'हामीले यसलाई दलीयकरण नगरौं । एउटा कर्मचारीको पक्षमा सम्पूर्ण रुपमा दलीयकरण गरेर सम्पूर्ण प्रतिपक्ष उभिँदा मलाई त लाज पनि लाग्यो । एक जना कर्मचारीका लागि दलीयकरण गरेर जग हसाउँने काम नगरौं,' घिमिरेले भने, 'उहाँको देवत्वकरण पनि नगरौ । केही राम्रो पक्ष होलान् । नेपालको कर्मचारीतन्त्र दुधले नुहाएको चै छैन । उहाँलाई देवत्वकरण गरेर टाउकोमै बोकेर हिड्ने हो भने सबै प्रतिपक्षी दलहरूको अध्यक्ष उहाँलाई नै बनाइदिउँ । ढुक्क हुन्छ त्यति भएपछि ।'

■■■

## अख्तियारी...

*-नेपाल सन्धि ऐन, २०४७ को दफा २ को खण्ड (ख) एवं नेपाल सरकारवाट जारी भएको सन्धि सम्पन्न गर्ने निर्देशिका, २०७७ को दफा २ को खण्ड (छ) बमोजिमको अधिकारपत्र (पूर्णाधिकार) विना तपाईले सन् २०२४ मार्च ११ र २०२५ फेब्रुअरी १२ मा भएको इन्डो नेपाल पावर एक्सचेन्ज कमिटीको क्रमशः १५ औं र १६ औं बैठकमा सेन्ट्रल इलेक्ट्रिसिटी अथोरिटी इन्डियासँग भारतीय आर्थिक वर्ष २०२४- २५ र २०२५-२६ का लागि द्विपक्षीय विद्युत विनिमय समितिको बैठकबाट तय भएको सहमतिपत्रमा हस्ताक्षर गरी आफूलाई अधिकार नै नभएको कार्य गरेर आफ्नो पदको काम वा जिम्मेवारी गर्न नसकेको हुँदा नेपाल विद्युत प्राधिकरण, कार्यकारी निर्देशक वा महाप्रबन्धकको सेवाको पूरा तथा सुविधासम्बन्धी विनियमावली, २०६१ (संशोधनसहित) को विनियम २२ को खण्ड (क) अवस्था भएकोले तपाईलाई पदबाट किन नहटाउने ?*

*-नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८१ पुस २५ को निर्णयबाट डेडिकेटेड फिडर तथा ट्रंक लाइनबाट विद्युत उपयोग गर्ने ग्राहकहरूले खपत गरेको विद्युतको बक्यौता रकम टाइम अफ डे मिटर समेतको आधारमा महसुल निर्धारण तथा असूली सम्बन्धी विषयमा मन्त्रालयमार्फत दिएको निर्देशनको कार्यान्वयन नगरी अवज्ञा गरेकोले तपाईंलाई पदबाट किन नहटाउने?*

*-नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ बमोजिम कार्यकारी निर्देशकले पालना गर्नुपर्ने आफ्नो काम र कर्तव्य पालना नगरेकोले तपाईलाईं पदबाट किन नहटाउने ?*

■■■

## स्वास्थ्य परीक्षणमा...

२०२४ अप्रिल १३, जुलाईमा २४, अक्टोबर ५ र डिसेम्बर २७ मा स्वास्थ्य संस्थाहरूको नाम माग्दै मलेसियाबाट पत्र आए पनि परराष्ट्र र श्रम मन्त्रालयले यसलाई गुपचुप राखेको संघको आरोप छ । साउदी अरब, ओमन र बहराइनको स्वास्थ्य परीक्षण गाम्काको नाममा १९ वटा संस्थाले मात्र स्वास्थ्य परीक्षण गर्दै आएका छन् । त्यसैगरी, मन्त्रालयले इजरायलको लागि मेडिसिटी, हेम्स, स्टार, मनमोहन अस्पताल र क्रिस्टल डाइग्नोस्टिक सेन्टर गरी ५ वटा स्वास्थ्य संस्थाबाट स्वास्थ्य परीक्षण गराउनुपर्ने नियम ल्याएको छ । त्यसैगरी कोरिया जाने कामदारका लागि वीर, शुक्रराज ट्रपिकल, नेपाल कोरिया फ्रेन्डसिप र सिभिल अस्पताल गरी ४ स्वास्थ्यको मेडिकल रिपोर्टले मात्र मान्यता पाउने व्यवस्था छ । कोरियाबाहेक अन्य देशको हकमा सुचीकृत संस्थालाई बाइपास गर्दै दिइएको जिम्मेवारीमाथि उनीहरूले प्रश्न उठाएका छन् ।

वैदेशिक रोजगारमा जाने श्रमिकको स्वास्थ्य परीक्षणसम्बन्धी व्यवस्था वैदेशिक रोजगार ऐन २०६४ समयसापेक्ष परिमार्जन गर्नुपर्ने, सबै देशको स्वास्थ्य परीक्षण सबै स्वास्थ्य संस्थाले गर्न पाउने गरी एकै किसिमको सफ्टवेयर प्रणाली अनिवार्य रुपमा स्वास्थ्य लागू गर्नुपर्ने जस्ता विषय सम्बोधन गरी गुणस्तरीय सेवाको सुनिश्चित गर्नुपर्ने संघको माग छ । त्यसैगरी विकेन्द्रिकृत सिद्धान्त अनुरुप सबै श्रमिकको पहुँचमा पुग्ने गरी स्वास्थ्य सेवा प्रवाह गर्न गर्नुपर्ने रस्वास्थ्य परीक्षण शुल्क वैज्ञानिक ढंगले निर्धारण गरी एकरुपता कायम गरेर व्यवसायलाई मर्यादित बनाउन राज्यले सहयोग गर्नुपर्ने उनीहरूको माग छ ।

■■■

## सवारी लाइसेन्स...

त्यस लगत्तै अन्तर्राष्ट्रिय चालक अनुमतिपत्र जारी सम्बन्धी थप व्यवस्था नियमावलीमा गरिने जनाएको छ । मन्त्रालयले विदेशी सवारीचालक अनुमतिपत्र भएका व्यक्तिहरूले नेपालमा पनि परीक्षणकालीन मान्यता पाउने व्यवस्था प्रस्ताव गरेको छ । यसअघि विदेशी लाइसेन्स भएकाले नेपालमा स्वतः मान्यता पाउने व्यवस्था थियो ।

यस्तै, यातायात मन्त्रालयले प्रस्तावित विधेयकमा व्यावसायिक चालक अनुमतिपत्रको छुट्टै व्यवस्था गरेको छ । विधेयकमा कसैले व्यावसायिक सवारीसाधन चलाउन चाहेमा प्रदेश कानुनबमोजिम तोकिएको निकायबाट व्यावसायिक सवारी चालक अनुमतिपत्र लिन सक्ने उल्लेख छ ।

तर, शारीरिक तथा मानसिक स्वास्थ्य अवस्था, ट्राफिक नियम उल्लङ्घनसम्बन्धी अभिलेख, मादक पदार्थ वा लागूपदार्थ सेवनसम्बन्धी दुर्व्यसन, आपराधिक एवम् गैर सामाजिक क्रियाकलापमा संलग्नताको अभिलेख भएको व्यक्तिले यस्तो लाइसेन्स नपाउने मस्यौदामा भनिएको छ ।

---

# बडीकेदार गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**खड्यौली, डोटी**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

## विद्युतीय बोलपत्र आव्हानको सूचना

**(प्रकाशन मितिः २०८१/११/२३)**

यस कार्यालयको तपसिल बमोजिमको कार्य विद्युतीय बोलपत्र (E-Bid) को माध्यमबाट गराउनु पर्ने भएकोले इजाजत प्राप्त निर्माण व्यवसायीहरुबाट रितपूर्वक ३० दिने बोलपत्र आव्हान गरिएको छ । विस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको website: www.bolpatra.gov.np/egp वा यस कार्यालयको वेवसाईट www.badikedarmun.gov.np मा हेर्नहुन समेत सूचित गरिन्छ ।

**तपसिल :**

| ठेक्का नं. | खरिद सम्बन्धी विवरण | फाराम दस्तुर (रु.) | जमानत रकम (रु.) | बोलपत्र जमानत मान्य अवधि | पेश गर्ने अन्तिम मिति र समय | खोलिने मिति र समय | अनुमानित लागत |
|---|---|---|---|---|---|---|---|
| 06/BRM/NCB/W/2081/82 | Construction of Dewali Mannakapadi Sadak | 3,000/- | 1,20,000/- | 120 days | 2081/12/24 १२:०० बजे | 2081/12/24 १:०० बजे | 48,08,245.04 (मु.अ. कर सहित) |

**प्रमुख प्रशासकीय अधिकृत**

---

# आठराई त्रिवेणी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**हाङपाङ, ताप्लेजुङ**

## प्राविधिक कर्मचारी करार सेवामा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**(पहिलो पटक प्रकाशित मिति २०८१/११/२३ गते)**

आठराई त्रिवेणी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको निर्णयानुसार यस गाउँपालिकाद्वारा स्वीकृत भएको सेवा करारमा प्राविधिक व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७५ बमोजिम रिक्त रहेका विभिन्न पदहरुमा करार सेवामा नियुक्ती गर्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुबाट आवेदनको लागि प्रथम पटक प्रकाशित मिति २०८१/११/२३ बाट ७ दिनको दरखास्त आह्वान गरिएको छ । म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही हुने छैन ।

**तपसिल**

| क्र. सं. | विज्ञापन नम्बर | तह | पद | सेवा | समुह | माग संख्या | आवेदन दस्तुर |
|---|---|---|---|---|---|---|---|
| १ | १०/०८१-८२ | सहायक पाँचौ | हे.अ. | नेपाल स्वास्थ्य | हे.ई | २ | रू. ५००/- |
| २ | ११/०८१-८२ | सहायक पाँचौ | स्टाफ नर्स | नेपाल स्वास्थ्य | क.न./प.हे.न. | १ | रू. ५००/- |
| ३ | १२/०८१-८२ | सहायक चौथो | अ.हे.व. | नेपाल स्वास्थ्य | हे. ई | १ | रू. ४००/- |
| ४ | १३/०८१-८२ | सहायक चौथो | अ.न.मी. | नेपाल स्वास्थ्य | क.न./प.हे.न. | ३ | रू. ४००/- |

१. **दरखास्त दिने अन्तिम मिति**:- मिति २०८१/११/२९ गते कार्यालय समय भित्र (सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुल्ने दिन)

२. **दरखास्त फारम पाउने स्थान**: आठराई गाउँ कार्यपालिकाको कार्यालय, हाङपाङ, ताप्लेजुङ वा यस गाउँपालिकाको वेवसाईट http://www.aathraitribenimun.gov.np बाट Download गर्न सकिनेछ ।

३. **आवश्यक न्यूनतम शैक्षिक योग्यता**:
- हेल्थ असिस्टेन्ट पद का लागी मान्यता प्राप्त शिक्षण संस्थाबाट PCL LEVEL GENERAL MEDICINE कोर्स पुरा गरी नेपाल हेल्थ प्रोफेसनल काउन्सिलमा दर्ता भएको हुनुपर्नेछ।
- स्टाफ नर्स पद का लागी मान्यता प्राप्त शिक्षण संस्थाबाट PCL NURSING कोर्स पुरा गरी नेपाल नर्सिङ काउन्सिलमा दर्ता भएको हुनुपर्नेछ ।
- अ.हे.व पद का लागी मान्यता प्राप्त शिक्षण संस्थाबाट CMA कोर्स पूरा गरी नेपाल हेल्थ प्रोफेसनल काउन्सिलमा दर्ता भएको हुनुपर्नेछ।
- अ.न.मी. पद का लागी मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी. कोर्स पूरा गरी नेपाल नर्सिङ काउन्सिलमा दर्ता भएको हुनुपर्नेछ साथै SBA तालिम लिएकालाई प्राथमिकता दिइनेछ ।

४. संलग्न गर्नु पर्ने कागजातहरुः नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, कार्यानुभव भए सोको प्रमाणपत्रको प्रतिलिपि र हालसालै खिचिएको पासपोर्ट साइजको फोटो।

५. दरखास्त दिने तरिकाः बुँदा नं. ३ मा उल्लिखित कागजातहरु स्वयं प्रमाणित गरी एवं तोकिएको दस्तुर बुँदा नं. ६ मा उल्लेख भए बमोजिम तोकिएको राजश्व जम्मा गरी सक्कल भौचर संलग्न राखि गाउँकार्यपालिकाको कार्यालय हाङपाङमा बुझाउने वा यस कार्यालयको इमेल ठेगाना aathrai.trivenimun@gmail.com मा अन्य आवश्यक कागजात सहित रीतपूर्वकको आवेदन फारम भरी हुलाक, इ-मेल मार्फत वा स्वयं उपस्थित भई आवेदन दिनुपर्नेछ । अन्तर्वार्ताको दिन सबै प्रमाणपत्रहरुहरुको सक्कलै प्रति लिई उपस्थित हुनुपर्नेछ ।
(**नोट**: विदेशी वोर्डबाट उर्तिर्ण गरेको भएमा समकक्षता निर्धारण गरेको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।)

६. **दस्तुर बुझाउने तरिका**:-

| | |
|---|---|
| कार्यालय कोडः- ८०१०१५०१३०० | राजश्व शिर्षक नं. १४२२४ |
| प्रयोजनः- परिक्षा शुल्क वापत | राजश्व खाता नं. २६७०१००३०१०१०००२ |
| बैङकको नामः- राष्ट्रिय वाणिज्य बैङक | शाखाः हाङपाङ, ताप्लेजुङ । |

७. **परिक्षाको किसिम**:- आठराई त्रिवेणी गाउँपिकामा करारमा प्राविधिक व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७५, बमोजिम

८. **उम्दवारको उमेर हद**:- १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको एवं महिला र अपांगका लागि ४० वर्ष ननाघेको

९. **तलव सुविधा**:- नेपाल सरकारको प्रचलित स्केल बमोजिम हुनेछ र अन्य सेवा सुविधा करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

१०. **परिक्षा केन्द्र**:- आठराई त्रिवेणी गाउँकार्यपालिकाको कार्यालय हाङपाङ ताप्लेजुङ ।

११. **थप जानकारीका लागि**:- सम्पर्क नं. ९८२६६०९६०, ९८६२७६६८१२ र इमेलः aathrai.trivenimun@gmail.com

**नोट**: यस सूचनामा उल्लेख भए बाहेकका बिषयहरु प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा रहेको उम्मेदवार छनौट तथा सिफारिस समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**प्रमुख प्रशासकिय अधिकृत**

---

**Dharan Sub- Metropolitan City Office, Dharan**
**Dharan Sunsari**

## Invitation for Sealed Quotation

**Sealed Quotation No:16/DHARAN/WORKS/SQ/081/82**

***Date of Publication : 07-03-2025***

1. The Dharan Sub- Metropolitan City Office, Dharan invites sealed quotations from registered contractors for the construction of Construction of railing and R.C.C slab at Pushpal tole and Asphalt Concrete overlaying work at Munal path,Dharan-10.The Estimated amount for the works is (in NRs.): 1,455,523.66 (Exclusive of VAT and Contingencies and including P.S)
2. Eligible Bidders may obtain further information and inspect the Sealed quotation Forms at PPMO website www.bolpatra.gov.np.

---


**ओमनमा रोजगार** कम्पनी : SAJAYA ALKAMIL TRAD

पूर्व स्वीकृति मिति : २०८१/११/२२ LT. No. 319888 चलानी नं. ६०२३४०४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Style | 0 | 1 | 170 | ६०,७६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Maker Up | 0 | 1 | 170 | ६०,७६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत्र १ गते (14 Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ११०८/०७३/०७४
**Emerald Isle Nepal Pvt. Ltd.** (GULMI OVERSEAS PVT LTD)
Purano Baneshwor-10, Kathmandu, Nepal. Tel- +977-014588542/4589323,
Email:- emeraldislenepal@gmail.com, info@einepal.comSS

---

**युएइमा रोजगार** कम्पनी : GLOBAL SECURITY SERVICES GROUP - SOLE PROPRIETORSHIP L.L.C.

पूर्व स्वीकृति मिति : २०८१/०४/२७ पुन विज्ञापन स्वीकृति मिति : २०८१/११/२२ LT. No. 308779 चलानी नं. ६०२२३४८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 41 | 32 | 2000 | ७४,९४० | क.नि. ३६०अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत्र १ गते (14 Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

License No. : 1535/078/079
**Global Recruitment Group Pvt.Ltd.** (BASNET AND GROUP HUMAN RESOURCE PVT LTD)
Tokha-10, Samakhusi, Kathmandu, Head Office Contact: 01-5910484, 9820103691 / 9801193079
Chitwan Branch: 9855063635, Pokhara Branch: 9802853017, Email : info@grgnepal.com.np

---

**साउदीमा रोजगार** कम्पनी : Mohammed bin Abdulaziz bin Mohammed Al Faris Trading Establishment

पूर्व स्वीकृति मिति : २०८१/११/२२ LT. No. 319950 चलानी नं. ६०२३४०७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SWEET MAKER | 2 | 0 | 1500 | ५५,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत्र १ गते (14 Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 948/067/068
**Opus Manpower Pvt. Ltd.** (Mimosa Overseas Pvt.Ltd)
Samakhusi, Townplanning-26, Kathmandu Near Big Mart , Landline No : 01-4957256,
Mob:9851100368, 9812569634 E-mail info@opusmanpower.com

---

**ओमनमा रोजगार** कम्पनी : TEA TIME BREAK LLC

पूर्व स्वीकृति मिति : २०८१/०२/०२ पुन विज्ञापन स्वीकृति मिति : २०८१/११/२२ LT. No. 304786 चलानी नं. ६०२१९६४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 5 | 0 | 150 | ५३,६१५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Dish Washer | 3 | 0 | 120 | ४२,८९० | | | | | | | |
| 3 | Sandwich Maker | 2 | 0 | 150 | ५३,६१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत्र १ गते (14 Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Like International (Pvt) Ltd.**
Balkumari-9, Lalitpur, Kathmandu, Nepal, Tel: +977-1-44181444, Email: Info.likeinternational@gmail.com
श्रम ईजाजत नं. १५८०/०७९/०८०

# कोलञ्जोर घाट पुल निर्माणमा ठेकेदारको लापरवाही

## सम्पन्न गर्नुपर्ने म्याद सकिन लाग्दा पनि सुरू भएन काम

**रामेछाप (प्रस)–** जिल्लाको कोलञ्जोर घाटमा निर्माणाधीन पक्की पुलको काममा ढिलाइ भएको छ । ठेकेदारको लापरबाहीका कारण रामेछापको 'लाइफलाइन'का रूपमा रहेको यो पुल निर्माण हुन नसकेको हो ।

रामेछापलाई मध्यपहाडी राजमार्गमा जोड्नका लागि रामेछाप नगरपालिकाको रामपुरस्थित कोलञ्जोर घाटको सुनकोशी नदीमा निर्माणाधीन यो पुल चार वर्षअघि नै निर्माण सम्पन्न हुनुपर्ने थियो । त्यसयता लगातार म्याद थपिए पनि निर्माण सम्पन्न हुनसकेको छैन । वि.सं. २०७७ मै सम्पन्न हुनुपर्ने उक्त पुलको म्याद यही २०८१ साल चैत २० गतेसम्म थपिएको छ । म्याद सकिन एक महिना बाँकी रहँदा बाँकी काम सुरु नै हुनसकेको छैन ।

रामेछाप नगरपालिका प्रमुख लवश्री न्यौपानेले पुल निर्माणका लागि ताकेता गरिरहेको भए पनि व्यवसायीले चासो नगरेको बताए । उनले भने, 'यो पुल चाँडो सम्पन्न गराउनका लागि धेरै पटक सरकारका विभिन्न निकायमा धाएँ तर हालसम्म काम सुरु भएन । अन्तिमपटक थपिएको म्याद सकिन पनि अब एक महिनामात्रै छ तर हालसम्म काम सुरु नै भएको छैन । यसले थप समस्या सिर्जना गरेको छ ।'

सडक विभागको पुल सेक्टर आयोजनाले २०७४ सालमा पुलको ठेक्का लगाएको थियो । शंकरखोला दोभान पुल आयोजना नामको यस पुल 'डिजाइन एण्ड बिल्ड' प्रक्रियाबाट निर्माण थालिएको थियो ।

अनक महावीर जेभीले पुल निर्माणको जिम्मेवारी पाएको थियो । कूल १९० मिटर लामो पक्की पुल निर्माणका लागि २३ करोड ६८ लाख ६७ हजार ३५० रुपैयाँ (भ्याटसहित) मा सम्झौता भएको थियो ।

यस पुलले मध्यपहाडी राजमार्गअन्तर्गत सिन्धुलीको फिक्कल गाउँपालिका र रामेछापको रामेछाप नगरपालिका जोड्ने गरेको छ । यस पुलको स्ल्याब ढलानको काम भइसकेको छ तर पुलमा आउने 'एप्रोच' सडक पुल नजिक लगाउनुपर्ने 'रिटेनिङ वाल' र 'रेलिङ'को काम भने बाँकी छ । समयमै पुल नबन्दा आफूहरूलाई निकै समस्या भइरहेको स्थानीय कोमल श्रेष्ठले बताए । 'यो पुल चार वर्षअघि बनिसक्छ भनेको थियो तर हालसम्म पनि बनेन । सबैले ठेकेदारले लापरबाही गऱ्यो भनिरहेका छन् । त्यो भनेर उन्मुक्ति पाइन्छ ? हामीले पाइरहेको दुःख सम्झेर अब जसरी पनि काम गराउनुपर्छ,' उनले भने ।

सडक विभाग, पुल आयोजना सेक्टरका इन्जिनियर नेत्रविलाश पौडेलले पुलको काम अगाडि बढाउन कार्यालयबाट पटक-पटक मौखिक तथा लिखित अनुरोध गरे पनि निर्माण व्यवसायीले अटेर गरिरहेको बताए । उनले भने, 'निर्माण व्यवसायीले लगातार काम गर्ने हो भने बढीमा दुई महिनाभित्र पुलको सम्पूर्ण काम सकिन्छ तर उनीहरू हामी चाँडै सम्पन्न गर्छौं भन्छन् तर साइडमा कामदार पठाउँदैनन् ।'

# पाँच अध्यादेश राष्ट्रिय सभाबाट पनि स्वीकृत

**काठमाडौं–** राष्ट्रियसभाको बिहीबारको बैठकले पाँचवटा अध्यादेश स्वीकृत गरेको छ । प्रतिनिधिसभाबाट बुधबार पारित भएका सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८१, निजीकरण (पहिलो संशोधन) अध्यादेश, २०८१, आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ तथा सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ लाई राष्ट्रियसभाले बहुमतबाट स्वीकृत गरेको हो ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८१, निजीकरण (पहिलो संशोधन) अध्यादेश, २०८१ माथि सांसदहरू डा वेदुराम भुषाल, मायाप्रसाद शर्मा, नरबहादुर विष्ट र सुरेशकुमार आले मगरले अध्यादेश अस्वीकार गरियोस् भन्ने प्रस्ताव पेश गरेका थिए । उक्त प्रस्ताव बहुमतले अस्वीकृत भएको छ । यस्तै सांसदहरू मदनकुमारी शाह 'गरिमा' र झक्कुप्रसाद सुवेदीले निजीकरण (पहिलो संशोधन) अध्यादेश, २०८१ अस्वीकार गरियोस् भन्ने प्रस्ताव आजको बैठकमा पेश गरेका थिए । उक्त प्रस्ताव पनि बहुमतले अस्वीकृत भएको छ ।

आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ माथि गंगाकुमारी बेलवासे, विष्णुबहादुर विश्वकर्मा, मनरुपा शर्मा र घनश्याम रिजालले अस्वीकार गरियोस् भन्ने प्रस्ताव राखेका थिए । उक्त प्रस्ताव पनि अस्वीकृत भएको छ ।

त्यसैगरी सांसदद्वय जगप्रसाद शर्मा र राजेन्द्रलक्ष्मी गैरेले सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ लाई अस्वीकार गरियोस् भनी प्रस्ताव राखेका थिए । उक्त प्रस्ताव पनि बहुमतले अस्वीकृत भएको छ । अध्यादेशहरू बिहीबार प्रतिनिधि सभाबाट स्वीकृत भएका हुन् । दुबै सदनबाट पारित भएसँग पाँच अध्यदेश अब प्रतिस्थापन विधेयक ल्याएसँगै लागू हुनेछ । जनता समाजवादी पार्टीले भूमिसम्बन्धी अध्यादेशमा समर्थन नगर्दा यो भने प्रतिनिधिसभामै 'होल्ड' रहेको छ ।

## कर्मचारी हटाईएको सम्बन्धी सूचना

यस **Sky Blue H.R. Solution Pvt.ltd** (ई.प.नं. १६६४/०८०/०८१) मा कार्यरत **अनु तामाङ (ना.प्र.प्र.नं: १४-०१-७५-०६०६५)** लाई आजको मितिबाट यस प्रा.लि. बाट हटाइएको हुनाले निजसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

SKY BLUE H.R. SOLUTION PVT.LTD
Sinamangal-9, Gairigaun, Kathmandu, Nepal, Tel: 01-4593566, 9802358961/65,
Emal: skybluehrsolutionspvtltd@gmail.com, Web: www.skybluehr.com

## गोलिया काठ/ दाउरा लिलाम बिक्री सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/११/२३**

यस हिमचुली सा.व.उ.स. तीनपाटन गापा-१ सिन्धुलीबाट आ.व. २०८१/०८२ मा उत्पादन भई समुहकै क्षेत्रमा घाटगद्दि गरी राखिएको विभिन्न लटको साल जातको गोलिया थान ७९ को १४५२.०२ क्यू.फि गोलिया काठ र १ चट्टा साल दाउरा व्यापारिक प्रयोजनको लागि विक्री वितरण गर्नकोलागि यो सूचना प्रकाशित गरिएको छ । काठ/दाउरा जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ (दोश्रो संसोधन) बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री हिमचुली सा.व.उ.स.**
**तीनपाटन गापा–१ सिन्धुली**

## कम्पनीको नाम परिर्वतन गरिएको सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८१/११/२३**

यस कम्पनीको मिति २०८१/०२/३२ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **होटल ओडिसी प्रा.लि.**/Hotel Odyssey Pvt. Ltd. को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **नोर्बुलिङ बुटिक होटल प्रा.लि.**/ Norbuling Boutique Hotel Pvt. Ltd. (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८१/११/१३ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **नोर्बुलिङ बुटिक होटल प्रा.लि.**/Norbuling Boutique Hotel Pvt. Ltd. (**प्रा.लि.नं.**३०७६४९) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## गोलिया काठ/ दाउरा लिलाम बिक्री सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/११/२३**

यस झुँगा सा.व.उ.स. तीनपाटन गापा-१ सिन्धुलीबाट आ.व. २०८१/०८२ मा उत्पादन भई समुहकै क्षेत्रमा घाटगद्दि गरी राखिएको विभिन्न लटको साल लगाएत विभिन्न जातको गोलिया थान १३० को १९०५.३१ क्यू.फि गोलिया काठ र २.५ चट्टा साल दाउरा व्यापारिक प्रयोजनको लागि विक्री वितरण गर्नकोलागि यो सूचना प्रकाशित गरिएको छ । काठ/दाउरा जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९(दोश्रो संसोधन) बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री झुँगा सा.व.उ.स.**
**तीनपाटन गा.पा–१ सिन्धुली**

## श्रीराम सुगर मिल्स लिमिटेड
## गरुडा, रौतहटको
## ३०औं वार्षिक साधारण सभाको सूचना

श्रीराम सुगर मिल्स लिमिटेडको मिति २०८१।११।१३ गतेका दिन बसेको संचालक समितिको बैठकले गरेको निर्णय अनुसार यस कम्पनीको आर्थिक वर्ष २०८०।०८१ को तिसौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले शेयरधनी महानुभावहरुको उपस्थितिका लागि यो सुचना प्रकाशित गरिएको छ ।

**(१) वार्षिक साधारण सभा हुने मिति, समय र स्थानः**

१. मिति : २०८१।१२।१५ गते (तदनुसार २८ मार्च २०२५)
२. समय : विहान ११.०० बजे
३. स्थान : अर्पण ब्यांकेट, नयां बानेश्वर, काठमाण्डौ

**(२) वार्षिक साधारण सभामा छलफलका लागि प्रस्तुत हुने प्रस्तावहरुः**

१. संचालक समितिले तयार गरेको आ.व.२०८०।०८१ को वार्षिक प्रतिवेदन पारित गर्ने ।
२. लेखा परीक्षकको प्रतिवेदन सहितको लेखा परीक्षण गरिएको आ.व. २०८०।०८१ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने ।
३. आ.व.२०८०।०८१ को दफा ७८ सम्बन्धमा ।
४. लेखा परिक्षण समितिको सिफारिसमा आ.व.२०८१।८२ का लागी लेखा परीक्षक नियुक्तीको सिफारिस गर्ने बारे ।
५. स्वतन्त्र संचालक नियुक्तीको अनुमोदन गर्ने ।
६. संचालक समितिले गरेका काम कार्यवाहीहरुको अनुमोदन गर्ने ।
७. विविध ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

## माइग्रेशन हराएको सूचना

मिति २०८१/११/१५ गते बालाजुबाठ सामाखुसी जाँदा मेरो निम्न व्यहोरा भएको माइग्रेशन सर्टिफिकेट हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

**नाम : जेशिका तामाङ**
**ठेगानाः सामाखुसी**
**सम्पर्कः ९८६२२६४७१६**

## मोटरसाइकल हराएको सूचना

मिति २०८१।०९।२४ गते, का.जि. बसुन्धारा न.पा सेन्सा होटल अगाडि पार्किङ गरिराखेको रातो, कालो रङ्गको 220 cc Bajaj Pulsar मोटरसाइकल हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**धनीको नाम : सुसिल चन्द्र सिंखडा**
**बाइक नं.: बा.प्र. ०३-००१ प ८९००**
**च्यासिस नं.: MD2A13EX4HCK81308**
**इन्जिन नं. : DKXCHK35745**
**ठेगानाः चितवन कालिका न.पा-६, चितवन**
**सम्पर्कः ९८४५३५५३७०**

## बीमालेख हरायो

मिति २०८१।११।२२ गते सिन्धुपाल्चोक देखि काठमाण्डौ आउँदा बाटोमा मेरो निम्न व्यहोरा भएको लाइफ इन्स्योरेन्स कर्पोरेसन नेपाल (LIC) को बीमा पोलिसी हराएकोले पाउनुहुने माहानुभावले नजिकैको प्रहरी कार्यालयमा वा निम्न ठेगानामा बुझाइदिनुहुन अनुरोध गर्दछु ।

**नाम : राधिका बस्नेत कार्की**
ठेगाना : पिस्कर ४, सिन्धुपाल्चोक
बीमालेख नं.: ११००४९५३३
सम्पर्क नं.: ९७४२९२१९०८

# के. आई. सिंह गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### वायल, डोटी
### सुदुरपश्चिम प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मितः २०८१/११/२२**

यस गाउपालिकाको मिति २०८१/१०/३० गते सार्वजनिक खरिद अनुगमन कार्यालयको e-GP Portal (www.bolpatra.gov.np/egp) मा प्रकाशित सार्वजनिक सूचना अनुसार E-Bid द्वारा प्राप्त भएका बोलपत्रहरु मध्ये सारभुतरूपमा प्रभावकारी देखिएको तपसिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र छनोट गर्ने बोलपत्र मुल्यांकन समितिबाट निर्णय भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. न. | ठेक्का विवरण | विवरण | बोलपत्र स्वीकृत आशय दिइएको बोलपत्रदाता | कबोल अंक |
|---|---|---|---|---|
| 1 | 06/SQ/ KISRUM/ GOOD/ 2081/082 | Procurement and supply of sanitary pad (1 packet consists 8 pieces) as per sanitary pad distribution and management procedure, 2076, schedule 1 & 2 | Angle Touch Hygiene Manufacturing Pvt Ltd Lalitpur-18 | 4,62,105.6 |

**प्रमुख प्रशासकीय अधिकृत**

# Bhadrapur Municipality
## Office of Municipal Executive
### Bhadrapur-Jhapa
### Koshi Province, Nepal

**Sealed Quotation no: BDP/GOODS/4/JINSI/081/82**
**First date of publication: March 7, 2025 (2081/11/23)**

1. Bhadrapur Municipality, Office of Municipal Executive, Bhadrapur-Jhapa invites electronic bid from duly eligible and qualified registered bidders for the below mentioned procurement under sealed quotation procedure. Some of the qualification criteria are mentioned below, though the details are in the bidding document. Bidding is open to all eligible national bidders.

| Contract No | Description of Works | Estimated amount (With VAT) | Bid Security Amount (NRs.) |
|---|---|---|---|
| BDP/GOODS/ 4/JINSI/081/82 | Supply, delivery and installation of Split AC as per technical specifications in desired location. | **13,60,000.00** | 34,000.00 |

Name of the Bank: **Rastriya Banijya Bank, Bhadrapur,Jhapa**
Name of Office: **Bhadrapur Municipality, Office of Municipal Executive, Bhadrapur-Jhapa**
Office Code no.: **80101112**
Office Account no.: **2210100303000003 (For Security deposit)**

2. A complete set of Bidding documents may be downloaded from the PPMO E-Portal- www.bolpatra.gov.np/egp (e-GP II)
3. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
4. Bid document amounting of Nrs. 1,000.00 should be purchased online from https://sutrarevenue.fcgo.gov.np/ with revenue code no: 14229 or may be purchased from municipality office.
5. General Information related to Electronic Bids are:

| Last Date of Bid Submission | Bid Opening Date | Bid Validity Period | Bid Security Validity period |
|---|---|---|---|
| 2081/12/10, 12:00 at BDP Mun Jhapa | 2081/12/10, 1:00 PM at BDP Mun Jhapa | Minimum 45 days from the last date of bid submission | Minimum 30 days beyond the bid validity period. |

**Bhadrapur Municipality**
**Office of Municipal Executive**

## साउदीमा रोजगार

कम्पनी : **FIRST SHINE GENERAL CONTRACTING EST.**

पूर्व स्वीकृति मिति : २०८१/११/२१ | LT. No. 319853 | चलानी नं. ६०२३४०३७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading & Unloading Workers | 5 | 0 | 1000 | ३७,३३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत्र १ गते (14 Mar. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Advance Recruitment Service Pvt. Ltd.**
श्रम ईजाजत नं. ४४४/०६०/०६१
Gaushala, Ktm, Nepal,Tel: +977-1-4486946/4492505, Fax: +977-01-4485069

## ओमनमा रोजगार

कम्पनी : **luxury Beauty**

पूर्व स्वीकृति मिति : २०८१/११/२२ | LT. No. 319906 | चलानी नं. ६०२३४०४९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Dress/Hair Stylist | 0 | 1 | 170 | ६०,७६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | makeup artist/MAKER UP | 0 | 1 | 170 | ६०,७६५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत्र १ गते (14 Mar. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sherpa International Manpower Consultancy Pvt. Ltd.**
Govt. License 430/060/061
Koteshwor-32 Kathmandu, Nepal, Tel: +97714361975, Fax: +977 1 4364821

## साउदीमा रोजगार

कम्पनी : **IDEAL SOURCES CONTRACTING EST.**

पूर्व स्वीकृति मिति : २०८१/११/१५ | LT. No. 319585 | चलानी नं.६०२३३६८५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 1 | 0 | 1800 | ६६,३०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत्र १ गते (14 Mar. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SUHASHA LINK PVT. LTD.**
License No. : 333/059/60
Samakhusi-14, Tokha, Kathmandu, Nepal, Tel: 01 4982668, 4962338
Email : suhashafrontdesk956@gmail.com, documentationsuhasa@gmail.com,

## साउदीमा रोजगार

कम्पनी : **East Roads Equipment Rental Corporation**

पूर्व स्वीकृति मिति : २०८१/११/२२ | LT. No. 319923 | चलानी नं.६०२३४०७५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Equipment Driver | 4 | 0 | 2500 | ९१,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Truck Driver | 2 | 0 | 1800 | ६६,०३५ | | | | | | | |

कम्पनी : **Al-imtiaz Planning For Operation & Maintenance Co.**

पूर्व स्वीकृति मिति : २०८१/०८/१४ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/११/२२ | LT. No. 314663 | चलानी नं.६०२२८९४५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food and Beverage Counter Worker | 6 | 0 | 1000 | ३६,६८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत्र १ गते (14 Mar. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**WORKFORCE SERVICES PVT. LTD.**
श्रम ईजाजत नं. १७२/०५६/५७
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Email.:info@workforce.com.np, Web Site : www.workforce.com.np

## युएइमा रोजगार

कम्पनी : **Bin Jamal Recruitmet Services- Sole Proprietorship L.L.C.**

पूर्व स्वीकृति मिति : २०८१/०५/२६ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/११/२२ | LT. No. 310608 | चलानी नं. ६०२२५१७४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Vehicle Mechanic | 5 | 0 | 1200 | ४४,९६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Steel Fixer | 4 | 0 | 1200 | ४४,९६५ | | | | | | | |
| 3 | Cleaner Male | 1 | 0 | 900 | ३३,७२० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत्र १ गते (14 Mar. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GREAT NEPAL H.R PVT.LTD.**
Govt. License No. 1688/080/081
Chundevi-04, Kathmandu, Nepal, Ph. No: 01-4547074, Mobile: 9705000446/9705000447 /9705000448/9705000449, E-mail : infogreatnepalhr@gmail.com, Web: www.greatnepalhr.com.np

## युएइ/कतारमा रोजगार

कम्पनी : **Startech Manpower Services**

पूर्व स्वीकृति मिति : २०८१/०८/२६ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/११/२२ | LT. No. 297800 | चलानी नं.६०२१२८१८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Fabricator | 15 | 0 | 1300 | ४८,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **G E T INTERNATIONAL OIL SERVICES**

पूर्व स्वीकृति मिति : २०८१/११/२२ | LT. No. 319902 | चलानी नं.६०२३४०५५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | TECHNICIANS | 15 | 0 | 1100 | ४२,०५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत्र १ गते (14 Mar. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**RADIUM INTERNATIONAL EMPLOYMENT SERVICES PVT.LTD**
Govt. License No. 968/067/068
New Baneshwor-31, Kathmandu, Nepal, Tel: 01-4589492, 4585172,
E-mail : info@radiumemployment.com, Web: https: www.radiumemployment.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# द्वन्द्वको असर अमेरिकी 'डिपोर्ट'सम्म

**आवश्यक कागजात नभएका र गैरकानुनी रुपले काम गर्न थालेकाहरूलाई अमेरिकाले धमाधम सम्बन्धित नागरिककै देशमा फर्काउँदै छ । यही क्रममा नेपालीहरूलाई पनि फर्काउने क्रम जारी छ । बुधबारमात्र यसरी नै ९ जना नेपाली त्रिभुवन विमानस्थल हुँदै काठमाडौं झरे । रोचक त के हो भने कागजात नभएकालाई आफ्नै समन्वयमा 'ट्राभल डकुमेन्ट' बनाएर अमेरिकाले आफ्नै विमानमा उडाउँदै 'डिपोर्ट' गरिरहेको छ । ९० लाख रुपैयाँसम्म तिरेर नेपाल छाडेर उनीहरू किन अमेरिका छिरे ? यसको दोष जोखिम मोल्दै अमेरिका छिर्नेहरूकोमात्र छैन । अमेरिकामा भएका नेपालीहरूको मिलेमतो, गिरोहहरूको सक्रियता, नेपाली समाजले युवा पुस्तामाथि गरिएको दबावमुलक आशाले पनि यो गतिविधि भइरहेको छ । अझ यो माओवादी र सरकारबीचका लामो द्वन्द्वको असर हो ।**

**अमेरिकाबाट नेपाल पठाइएकाहरू धेरै खुल्न चाहेका देखिँदैनन् तर उनीहरू माओवादीपीडित भन्दै मेक्सिको हुँदै प्रवेश गरेकाहरू भन्ने चाहि प्रष्टै भएको छ । २०५२ बाट शुरु भएको माओवादी युद्धका कारण धेरैले द्वन्द्वपीडित भन्दै बिना कागजातमा अमेरिका छिरेका छन् । उनीहरूलाई शरणार्थीका रुपमा एसालइम कागजात दिएर अमेरिकाले शरण दिने व्यवस्था गरेको थियो । ओबामा प्रशासन, बाइडेन प्रशासनले यस्तो मौका दिइरह्यो । यसरी अमेरिका छिरेका धेरै त नेपाल फर्केर अहिले नेता बनिसकेका छन् । उनीहरूकै बाटो पछ्याउँदै डंकी रुट नापेका पछिल्ला नेपालीहरूको भने एसाइलम दाबी अमेरिकाले अस्विकृत गर्दै आएको छ । कारण माओवादी द्वन्द्व हटेकै २० वर्ष पुग्न लागिसकेको छ । यो अवधिमा पनि गत वर्ष २०२३ मा माओवादी पीडित भन्दै २० जनाले युएसआइसीआइएस अर्थात युनाइटेड स्टेट्स सिटिजनसिप एन्ड इमिग्रेसन सर्भिस्बाट एसाइलम पाएका थिए । त्यहाँको डिपार्टमेन्ट अफ होमल्यान्ड सेक्युरिटीका अनुसार सन् २०१९ मा ६०६ जना नेपालीले एसालइम पाएका थिए ।**

**एसाइलम पाउनका लागि नेपालीहरूले नेपाली पत्रपत्रिकामा आफूलाई माओवादीबाट ज्यान मार्ने धम्की आएको भन्ने विवरण भरेर समाचार लेख्न लगाउँछन् । उक्त पत्रिका वा अनलाइन समाचार देखाएर त्यहाँका वकिलहरूले एसालइम अपिल गर्छन् । माओवादीलाई अमेरिकाले अतांककारी सूचीबाट हटाएको दशक पुग्न लागिसकेको छ । तर पनि नेपाली गिरोहहरूले युवाहरूलाई सपना देखाएर अमेरिका प्रवेश गराउने क्रम जारी नै छ । अमेरिकाले काठमाडौं ल्याएर छाडेका रोल्पा, रुकुमका धेरै भएको देखिन्छ । यो ठाउँ माओवादीकै पकड क्षेत्र मानिन्छ । उनीहरूसँग म्यादसहितको पासपोर्ट पनि थियो । तर अमेरिकाले त्यहाँ काम गर्ने इजाजत भने दिएको थिएन । यही पासपोर्टमा काम गरेको पाइएकोले उनीहरू फर्काइएको हो । द्वन्द्वको लामो असर हो यो, यसैले यस्तो घटनाबाट पाठ सिकेर देशलाई फेरि द्वन्द्वतिर धकेल्ने कामतिर कुनै समूह लाग्नु हुन्न ।**

## श्रम सरोकार

# विदेशबाट पैसा पठाउने सुरक्षित तरिका

विदेशमा कमाएको पैसा सुरक्षितसँग घरमा पठाउनु उत्तिकै आवश्यक छ । अवैधानिक माध्यमबाट पठाउँदा ठगीमा परिने सम्भावना हुन्छ । विदेशबाट नेपालमा आफ्ना आफन्तलाई पैसा पठाउन बैंक खाता वा रेमिटचान्स कम्पनीहरूको प्रयोग गर्न सकिन्छ । अझ रेमिटचान्सबाट पठाउन तुलनात्मकरुपमा सस्तो, सहज र भरपर्दो हुन्छ । वैधानिक माध्यमबाट रेमिटचान्स पठाउनेलाई सरकारले विभिन्न सुविधासमेत दिएको छ ।

नेपालमा पैसा पठाउन विभिन्न रेमिटचान्स कम्पनीहरूले सेवा दिँदै आइरहेका छन् । आफू कार्यरत देशबाट कुन कुन रेमिटचान्स कम्पनीले नेपालमा पैसा पठाउन काम गरिरहेका छन् भन्ने बुझ्नुपर्छ । अझ यसमा बुझ्न के जरुरी छ भने ती रेमिटचान्स कम्पनी नेपालमा रेमिटचान्स कारोबार गर्न अनुमति प्राप्त कम्पनी हो कि होइन । कतिपय अनुमति नलिई सञ्चालन गरिएको कम्पनीले कम सेवा शुल्क र बढी विनिमय दरमा पठाइदिने प्रलोभनमा पारेर ठगी गर्न सक्छन् । यसमा सचेतता अपनाउन जरुरी छ । रेमिटचान्स पठाउँदा पूर्ण विवरणसहित रकम पठाएको भौचर लिन अनिवार्य हुन्छ । त्यस्तो भौचर सुरक्षित राख्नुपर्छ । केही कारण नेपालमा पाउनुपर्ने व्यक्तिले नपाएको खण्डमा उक्त भौचरमार्फत दाबी गर्न सकिन्छ । यसका अलावा नेपालमा आउँदा सरकारले दिएका विभिन्न सेवा लिनका लागि पनि यस्तो भौचर आवश्यक पर्दछ ।

विदेशमा रहेका बैंक खातामार्फत पनि पैसा पठाउन सकिन्छ । यसका लागि पैसा पठाउने र प्राप्त गर्ने दुवै व्यक्तिको बैंक खाता हुनुपर्छ र बैंकको अन्तर्राष्ट्रिय सञ्जाल हुन पनि जरुरी हुन्छ । पैसा पठाउने व्यक्तिले पैसा प्राप्त गर्ने व्यक्तिको बैंकको नाम, खाता नम्बर र बैंकको एक अन्तर्राष्ट्रिय कोड जसलाई 'स्विफ्ट कोड' भनिन्छ, यी जानकारीहरू बैंकमा उपलब्ध गराएपछि इच्छाइएको व्यक्तिको खातामा रकम पुग्ने छ । यो माध्यमबाट पैसा पठाउन साधारणतया रेमिटचान्सभन्दा महँगो पर्छ ।

पैसा पठाउने क्रममा अनौपचारिक र गैरकानुनी माध्यमहरू पनि भेटिन्छन् । यस्ता संयन्त्रमा आफूले पठाएको पैसाको कुनै ग्यारेन्टी नहुने हुनाले पैसा डुब्ने जोखिम धेरै हुन्छ । त्यसैले हुण्डीलगायत अवैधानिक च्यानल र व्यक्तिगत माध्यमबाट कहिल्यै पनि पैसा पठाउनु हुँदैन । यसरी अवैधानिक च्यानलबाट पैसा पठाउँदा भोलि नेपालमा आएपछि पनि समस्या हुनसक्छ । त्यसैले सधैं नेपाल राष्ट्र बैंकबाट अनुमतिप्राप्त रेमिटचान्स कम्पनी र तिनका आधिकारिक एजेन्टमार्फत वा बैंकिङ च्यानलमार्फत मात्रै पैसा पठाउने गर्नुपर्छ ।

# खनियाबास विद्रोहका नायक : दामन पाख्रिन



■ श्रीराम श्रेष्ठ

> तत्कालीन समयमा अन्धकारमय सामन्ती प्रवृत्ति, जनताले भोगेको थिचोमिचो, अन्याय, अत्याचारको विरूद्धमा विद्रोहको अभियान सुरू गरेका थिए । तत्कालीन सामन्ती व्यवस्था पञ्चायती शासन र समाज परिवर्तनका लागि महत्त्वपूर्ण भूमिकाको जगमा बसेर सुरूआत गरेका थिए । जसको कारण हजारौं गरिब, थिचोमिचोमा परेका किसानहरु र जनताले परिवर्तनको पक्षमा उभिने साहस देखाए । दामन तत्कालीन समयका एक सशक्त विद्रोही र सामाजिक, सांस्कृतिक परिवर्तनका पक्षधर एक निर्भीक व्यक्तित्व थिए ।

नेपालको विभिन्न प्रजातान्त्रिक आन्दोलन र पञ्चायती शासन व्यवस्थाविरुद्धको आन्दोलनमा सक्रिय भूमिका निर्वाह गरेका व्यक्ति हुन्, दामन पाख्रिन । खासगरी हालको नुवाकोट र धादिङ जिल्ला तत्कालीन समयको पश्चिम १ नम्बर र पश्चिम २ नम्बर क्षेत्रमा किसान, भूमिहीन र गरिबहरूका नेता, विद्रोहका नायक भनेर दामनलाई चिन्ने गरिन्थ्यो ।

उनको जन्म सन् १९३७ मा हालको खनियाबास गाउँपालिका वडा नं. ५ भोग्टेनी, सालघारीमा एक सर्वहारा किसान परिवारमा भएको थियो । उनी जन्मिदा न्वारनको नाम 'डा बोन' राखिएको थियो । तामाङ भाषामा राखिएको डा बोनको अर्थ 'जित्ने मान्छे', अर्थात् कहिल्यै कसैसँग नहार्ने भन्ने अर्थ हुन्छ । पछि प्रशासनिक कामकाजका लागि नागरिकता र राहदानीमा उनको नाम दामन भनेर लेखिन गएको थियो । सामान्य किसान परिवारमा जन्म भएकाले उनको बाल्यकाल घाँस-दाउरा, र गोठालोमा नै बित्यो । त्यस समयमा घाँस दाउरा र पानी लिन जान सक्ने भएपछि साहुको घरमा काम गर्न जानुपर्दथ्यो । त्यतिबेलाको गरिब किसान र मजदुरी गरेर खाने जनता र उच्च वर्गले देखाएको सामन्ती प्रवृत्ति र अन्याय अत्याचारपूर्ण सामाजिक व्यवस्थासँग दामन पूरै भिजेका थिए । उनको परिवार ठूलो थियो । उनी आफ्ना दाजुहरूसँगै दुःख, पीडा र अभाव झेल्दै ठूलो भए । बिर्तावालहरूले दया, माया तथा हेपेर दिएको जडचौरी र जुठोपुरो खाएर हुर्किए । उनले गाउँमा विद्यालय जाने अवसर पाएनन् । औपचारिक र अनौपचारिक शिक्षाको अवसर उनलाई जेल जीवनकै क्रममा मिलेको देखिन्छ । उनीसँगैका जेलजीवन भोगिरहेका वीरेन्द्र भगत, मार्शल जुलुम, कमल चित्रकार, उदयनाथ पण्डित गुरुले दामनलाई पढ्न प्रोत्साहन गरे । त्यसपछि गुरुकै सल्लाहमा उनी भद्रगोलमा खुलेको प्राइमरी स्कुलमा भर्ना भएका थिए । शिक्षासँगै राजनीतिक बन्दी जीवन बिताइरहेका नेताहरूको प्रभावले दामनमा राजनीतिक चेतानाको विकास भएको र राजनीतिमा सक्रिय रहेको देखिन्छ । भद्रगोल जेलमै हुँदा उदयनाथ गुरुले उनलाई राजनीतिक चेतना दिएका थिए । उनले दामनलाई जेल पर्नुको मुख्य कारण राज्यसत्ता र त्यसमा पनि राजा महेन्द्र भएको बताए । उनले राजनीतिक कारणले विं.सं.२०१७ देखि २०२४ सालसम्म जेल जीवन बिताएका थिए ।

दामनलाई वि.सं. २०१६ सालमा घटेको चर्चित खनियाबास विद्रोहका नायक पनि भन्ने गरिन्छ । त्यस घटनामा दामनलगायत अन्य १५ जनालाई प्रहरीले कुटपिट गरेको आरोपमा नुवाकोटमा हिरासतमा राखेर केहीलाई सामान्य सोधपुज गरी छाडियो । तर दामन र उनका सहयात्री सेक्के तामाङलाई सुरक्षा कानुनअन्तर्गत काठमाडौंको डिल्लीबजार कारागारमा थुनामा लगिएको थियो । नेपाली कांग्रेसका मोहनचन्द्र, गोपालचन्द्र, जगतप्रकाशजंग शाहलगायतका कांग्रेस कार्यकर्ताहरूलाई पनि सोही अभियोगमा तारिखमा राखिएको थियो । आन्दोलनका नेतृत्वकर्ताहरू थुनामा भए पनि अदालतबाट जनताको पक्षमा फैसला भयो । मन्त्री, बडाहाकिम र उनको टोली त्यहीं बसेर मिलापत्र गरेर मुद्दा जिताइदियो र पैसा तिर्न नपर्ने भयो ।

पश्चिम नुवाकोट नेपाली कांग्रेसका सभापतिको जमानीमा दामनलगायतका सबै आरोपीहरू दुई महिनापछि वि.सं. २०१७ जेठ १८ गते मुक्त भएका थिए । त्यस विद्रोहलाई शिखरमा पुऱ्याउनेमध्येका एक महत्त्वपूर्ण व्यक्तिका रुपमा दामनको नाम अगाडि आउँछ । खनियाबासमा त्यसबेला मौलाइरहेको सामन्ती प्रवृत्तिको खुलेर विरोध र विद्रोहको जग निर्माण गर्ने व्यक्ति दामन पनि हुन् । उनलाई केहीले खनियाबास विद्रोहका नायक पनि भनेर सम्बोधन गरेको पाइन्छ । त्यहाँका तामाङ समुदायमाथि भएको शोषण, अन्याय र अत्याचारले सीमा नाघेको थियो । त्यसको विरुद्ध तामाङहरूले एक सशक्त प्रतिकार अभियान चलाएका थिए ।

खनियाबास विद्रोहको घटनापछि दामनलगायतका विद्रोहीहरूलाई सात वर्ष लामो काराबासमा राखियो । त्यसबेला पश्चिम १ नम्बर क्षेत्रमा पर्ने खनियाबास क्षेत्रमा त्यहाँका तामाङ समुदायमाथि उपल्ला बाहुन र उच्च जातिहरूबाट चरम थिचोमिचो अन्याय, अत्याचार, दमन र शोषणको अवस्था थियो । तामाङहरूले त्यहाँका बाहुनहरू (रिजाल) को खेतबारीमा ज्याला मजदुरी गर्नुपर्थ्यो । बाहुनका घर-घरायसीदेखि खेतीबारीसम्मका सबै काममा तामाङ समुदायको मजदुरी हुन्थ्यो । तर तामाङहरूले मजदुरीको उचित ज्याला पाउँदैन थिए । त्यसमाथि बाहुनहरूको अन्याय र अत्याचारले चरम रुप लिएको थियो ।



यस्तो परिवेशमा दामन पनि बाहुनहरूको मेलापातमा जान्थे । एक दिन उनलाई काम गर्ने मेलामा साहुहरूले हपारेको, हेपेको र पेटभर खान नदिएको झोंकमा घर छाडेर हिँडेको भन्ने प्रसंग पनि भेटिन्छ । पश्चिम १ नम्बरभरि उस्तै थिचोमिचो, अन्याय, अत्याचार, दमन र शोषण देखेर उनको मनस्थितिमा विद्रोहको ज्वाला भड्कियो । १८ वर्षको कलिलै उमेरमा उनी लाहुर हिँडेका थिए । लाहुर गएकाउनीपुनःगाउँफर्कंदा बुबा ऋणमा डुबेको पाए । २२ वटा मुद्दा हारेर ऋणमा फसेको बुबालाई एक्लै छाड्न उनको मनले मानेन । त्यसको कारण खोजी गर्दै जाँदा उनको बाबुले घर बनाउन किनेको जग्गामा कचिंगल र मुद्दा परेको रहेछ ।

त्यसबेला साहुसँग लिएको चार हजार २०० रुपैयाँ ऋणको साँवा/ब्याज गरेर १८ हजार पुगेको थियो । त्यसमाथि समय-समयमा ब्याज तिरेका पनि थिए । यस्तो अन्याय थाहा पाएपछि दामनले साहुहरूमाथि आक्रमण र कुटपिट गर्न थाले । यो देखेर गाउँका केही युवाहरू उनको पछि लागेर सबैले आफ्ना साहुहरूसँग विद्रोह गर्न सुरु गरे । विवाद मिलाउन आउने प्रशासन र प्रहरीद्वारा उनले यातना, हिरासत र कुटपिटसमेत भोगेका थिए ।

दामनले सुरु गरेको साहुहरूको विरुद्धको विद्रोहले पछि गएर सबै आसामीहरूको नाजायज ऋणहरू बडाहाकिम टोलीले बदर गरिदिएको देखिन्छ । यसबाट दामनले स्याबासीसमेत पाएका थिए । यसका लागि उनले जेलनेलसमेत भोग्नुपरेको थियो । तत्कालीन कांग्रेसका पश्चिम एक नम्बरका सभापति जगतप्रकाशजंग शाह जमानी बसेर जेलबाट निस्कँदा उनको मुद्दा राजनीतिक खिचातानीको विषय बनिसकेको थियो । दामन यतिबेलासम्म नेपाली कांग्रेसका पूर्णकालीन सदस्य बनिसकेका थिए । नेपाली कांग्रेसको इतिहासको प्रारुपमा उल्लेख भएबमोजिम दामन सत्याग्रहमा पनि पश्चिम १ नम्बरमा सहभागी भएको उल्लेख छ ।

कांग्रेसप्रति उनको विशेष लगाव थियो । नेपाली कांग्रेस, चारतारे झण्डा र बिपी कोइराला दामनका प्रिय थिए । चारतारे झण्डाको अर्थ, त्यसको महत्त्व र उपादेयताबारे उनी प्रखर भाषण गर्ने व्यक्ति थिए भनिन्छ । उनले सामन्ती साहुहरूको खेतबारीमा काम गर्न अवज्ञा र असहयोग गर्ने अभिया नै चलाएर नेतृत्व गरेका थिए । किसानलाई साहुसँग जग्गाको मोहियानी दाबी गर्नसमेत उनले सिकाएका थिए । अन्तिममा साहुहरूको घर भकारीमा लुटपाट गरेर किसानलाई बाँड्ने कामसम्म गरे । यस विद्रोहका कारण उनीविरुद्ध प्रशासनबाट पक्राउ पुर्जीसमेत जारी भएको थियो । त्यसकारण उनी करिब १८ महिना भारतमा निर्वासनमासमेत गएका थिए ।

त्यसबखत पार्टीका जिम्मेवार नेताले १५ महिनासम्म पाउने भत्ता पनि उनले पाएनन् । उनलाई पञ्चायतको सुराकी गरेको आरोप पनि लागेको थियो । वि.सं. २०२६ सालपछि नेताहरूसँगै स्वदेश फर्किएका थिए । त्यसको केही समय प्रधानपञ्च पनि भए । त्यसपछि विद्यालयको सञ्चालकको जिम्मेवारीसमेत सम्हाले र शिक्षण पेसा अँगाले । त्यसपछि पञ्चायतलाई फाल्न बहुदलको पक्षमा हतियार उठाउन तयार भएर रगतको छापसहितको नामावली पुऱ्याउन पार्टी मुख्यालय जाने क्रममा नपुग्दै हेटौंडामा कागजपत्र बरामद भयो । उनी खेतै खेत खोलाको तीरै तीर भएर भारत पुगे । राजकाज मुद्दा लगाएर उनको बुबासमेतलाई सर्वस्वहरण गरियो । चलअचल सम्पत्ति र पशुधनसमेत जफत भयो । उनीले दुईपटक जिल्ला पञ्चायतमा उम्मेदवारीसमेत दिएका थिए तर पराजित भए । त्यसपछि राष्ट्रिय पञ्चायत लडे, त्यसमा पनि पराजित हुन पुगे । बहुदल आएपछि प्रतिनिधिसभा सदस्यमा भने उनी निर्वाचित भए ।

वि.सं. २०४८ सालको आमनिर्वाचनमा उनलाई जनताले प्रचुर बहुमत दिएर विजयी गराए । उनलाई त्यसबेला १४ हजार १५७ मत प्राप्त भएको थियो । तर नेपाली कांग्रेसभित्रको आन्तरिक विवादका कारण प्रतिनिधिसभा विघटन हुनपुग्यो । त्यसपछि भएको वि.सं २०५२ को मध्यावधि चुनावमा उनी पराजित हुन पुगे । छोटो समयको संसदीय यात्रामा उनले आफूलाई गरिब, मजदुर र किसानको प्रतिनिधिको रुपमा चिनाएका थिए । उनी त्यसबेला काठमाडौंको एउटा सामान्य डेरामा बस्दथे । उनी सरल, मिजासिला थिए । तर उनी कहिलेकाहीँ धेरै रिसाउँथे ।

दामनलाई त्यसबेला सादगी नेताका रुपमा पनि चिन्ने गरिन्थ्यो । प्रतिनिधिसभामा सामान्य कृषक, दुःखी गरिब जनताको समस्या दामनले उठाउँथे । उनी नेपाली कांग्रेसको धादिङ जिल्ला पार्टी सभापतिसमेत बनेका थिए । घाँटीको क्यान्सरको कारण ६२ वर्षको उमेरमा वि.सं. २०५५ उनको निधन भएको थियो ।

तत्कालीन समयमा अन्धकारमय सामन्ती प्रवृत्ति, जनताले भोगेको थिचोमिचो, अन्याय, अत्याचारको विरुद्धमा विद्रोहको अभियान सुरु गरेका थिए । तत्कालीन सामन्ती व्यवस्था पञ्चायती शासन र समाज परिवर्तनका लागि महत्त्वपूर्ण भूमिकाको जगमा बसेर सुरुआत गरेका थिए । जसको कारण हजारौं गरिब, थिचोमिचोमा परेका किसानहरू र जनताले परिवर्तनको पक्षमा उभिने साहस देखाए । दामन तत्कालीन समयका एक सशक्त विद्रोही र सामाजिक, सांस्कृतिक परिवर्तनका पक्षधर एक निर्भीक व्यक्तित्व थिए ।

## पाठक मञ्च

# सत्तामा सधैं हुनेखाने वर्गको हालीमुहाली

नेपालको शासक वर्ग भ्रष्ट भए । गिरीबन्धु काण्ड, बालुवाटार काण्ड, भुटानी शरणार्थी काण्ड आदि इत्यादि यसका उदाहरणहरू हुन् । कांग्रेस, एमाले, माओवादी कुनै दलले नेपाल बनाउने होइनन्, खाली अंशबण्डा र भागबण्डाको राजनीति गर्छन् । त्यही भएर जहिल्यै हुनेखानेले नै सरकार चलाउँछ । हुनेखानेले हालीमुहाली गर्छन् । जनताको समस्या बुझ्दैन । आफ्नो नाता कुटुम्बलाई मात्र देख्छन् । हरेक मन्त्रालय, सेवालय, कार्यालय विद्यालयमा आफ्नै आसेपासे हुन्छन् । २१औं शताब्दीमा पनि इमान्दारीको आँखाले हेर्दैन । जनताका छोराछोरीको भविष्यको बेवास्ता गरिन्छ ।

२०-२५ वर्ष लगाएर पढ्छन्, आफ्नो देशमा काम पाउँदैनन्, माया पाउँदैनन् । विदेशीको इसारामा देश चलाउँछ । आफ्नो देशलाई माया गर्दैनन् । दाइ कांग्रेस, भाइ कांग्रेस-एमाले भए संसारमा कहीं नभएको जोसुकैलाई जग्गा बाँड्ने भूमि अध्यादेश ल्याउन लागेको छ । यो हामी तमाम् नेपालीहरूलाई मान्य छैन र जनताहरू पहिला जस्तो मासु र भातमा बिक्दैनन्, जाँड र रक्सीमा बिक्दैनन् । अब जनताले क्यान्सर रोग पत्ता लगाइसक्यो । सधैं मोतियाबिन्दु रोग लागेको हुँदैन । अबको जनता सधैं केपी ओली, शेरबहादुर देउवा र पुष्पकमल दाहाल भन्दैनन् । अहिले जनताको आँखा दूरबिनजस्तै भइसक्यो । ज्यान गए पनि लड्ने घोडा चढ्दैनन् । अब बाजेको पाला गयो । बाबुको पाला गयो । अब मेरो पालो हो, हाम्रो पालो हो । सधैं पागलपन र बेफकुफ बन्दैनन् ।

न पढ्ने छोराछोरीलाई सरकारले वास्ता गर्छ न हुनेखानेले नै वास्ता गर्छ । घरको अभिभावकले पनि हेला गर्छन् । अबदेखि सम्बन्धित सरोकारवालाले पनि ध्यान दिनुपर्छ । नपढ्ने छोराछोरीहरूलाई माया गर्नुको सट्टा गाली ख्वाउँछन् । अनि म सोच्छु आमाबाबुलाई पनि गाली दिउँजस्तो लाग्छ । मेरो मन रुन्छ, आँसु आउँछ । मेरो आँसुको अर्थ कसले बुझ्छ ? नपढ्ने छोराछोरीहरू अरुको डेरा, फाटेको लुगा, फाटेको जुत्ता । सन्तान सरकारी स्कुलमा पढ्छन् । सरकारको यसमा ध्यान जाओस् ।

नपढ्नेको सिलाभर थाल सिलाभरको कसौडी, बाँच्ने कसरी गरिबको चमेली बोल्दिने कोही छैन । बाटो बिराएको सन्तानजस्तो शिक्षा नभएको छोराछोरीको हालत यस्तो छ । हाम्रो संविधान र समाजको अभिभावकहरूले शिक्षा नभएका छोराछोरीलाई मावली घरबाट आफ्नो दक्षअनुसार घर बनाउन जग्गा जमिन दिनुपर्छ, पैसा दिनुपर्छ । तब पढ्न नपाउने छोराछोरीहरूको आँसु झर्दैन । आमाबाबुको कर्म हो, नत्र घरको सत्रु मुसा, चरा चुरुंगीको दुश्मन काग, जनावरको सत्रु बाघ, देशको सत्रु भ्रष्टाचारी प्रधानमन्त्रीहरू । किताब च्यातेपछि गाताको के काम, कसैले सम्झाउँदा नाई भन्ने नाता के काम ? पानी परेर लुथ्रुक्क भिजे पनि मुसुमुसु हाँस्ने साथी के काम ?

संविधानमा प्रगतिशील समाजवाद लेखेर कम्युनिस्ट पार्टीको के काम ? त्यस्तै एमसिसी र नागरिकता विधेयक पास गरिसकेपछि शासक वर्गको के काम ? हाम्रो घरमा आमाबुबा नभएपछि संसार नै छैन जस्तो हुन्छ । माया नपाएपछि जनताको आक्रोश यस प्रकार हुन्छ । हथौडा हम्मरले देशद्रोहीलाई खत्तम गर्नुछ । हामीमात्र एकजुट भइदिए कसरी बाँच्छ शासकहरू ? पसिनाको पोखरीमा बाँच्ने शोसकहरू, सचेतनामा बाँच्न चाहँदैनन्, बोल्न सिकाउँदैनन् । आफ्नो हसिया आफूतिर तान्ने कहिल्यै गर्दैनन् ।

सच्चा बाहुन पुरोहितहरूले दैविक विधि कर्म पुण्यको कर्म गर्छन्, देशमा शान्ति छाओस् भनेर ठाउँठाउँमा सप्ताह लाउँछन् । यस धर्तीमा सम्पूर्ण प्राणीहरूको कल्याण होस् भनी आरती गर्छन् । संविधान रक्षा होस् भनेर प्रार्थना गर्छन् । अरु मरेको मान्छेको मातापिता, बाजे बराजुको नाममा श्राद्ध गर्छन् । पाँच पटक, छ पटक मन्त्री बनेका कसैलाई पनि मन पर्दैन । कांग्रेस, एमाले र माओवादीका नेता कार्यकर्ताहरूलाई सवक सिकाउनुपर्छ, अनिमात्र देश ठीक ठाउँमा आउँछ ।

**तुल्सीनारायण लाखेमरु**
**सूर्यविनायक-८, भक्तपुर**

## जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । -संपादक

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# 'मुन्दुम पदमार्ग' विस्तारसँगै पुनर्निर्माण सुरु

■ युवराज विष्ट



**भोजपुर–** सरकारको घुम्नैपर्ने १०० पर्यटकीय गन्तव्यभित्र पर्न सफल 'मुन्दुम पदमार्ग' विस्तारसँगै पुनर्निर्माण थालिएको छ । पदमार्गको स्वीस सरकारको आर्थिक एव. प्राविधिक सहयोगमा, संघीय सरकार, प्रदेश सरकार र गाउँपालिकाको लागत साझेदारीमा एक करोड रुपैँ लागतमा पहिलो चरणको पदमार्ग विस्तारसँगै पुनर्निर्माणको काम थालिएको हो ।

पदमार्ग निर्माणका विषयमा जानकारी गराउने उद्देश्यले पदमार्ग बनिरहेको हाँसपोखरीमा सार्वजनिक सुनुवाइसमेत गरिएको छ । सार्वजनिक सुनुवाइमार्फत योजनाको लागत, योजना सञ्चालन पद्धति, योजना सञ्चालन हुने क्षेत्र र पदमार्ग निर्माण अवधिलगायतको विषयमा सरोकारवाला पक्षलाई जानकारी दिइएको हो । यो पदमार्गलाई थप व्यवस्थित बनाउनका लागि पहिलो चरणमा ५.४४ किलोमिटर पदमार्ग निर्माण तथा पुनर्निर्माण थालिएको टेम्केमैयुङ गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अदित दाहालले जानकारी दिए । पदमार्गसँगै पर्यटकलाई लक्षित गरेर यहाँ तीनवटा सार्वजनिक शौचालय, दुईवटा रात्रि विश्रामस्थल, एउटा खानेपानी धारा निर्माण गरिने उनको भनाइ छ ।

'तीन तहको सरकार र स्वीस सरकारको लागत साझेदारीमा मुन्दुम पदमार्गको थप विस्तारसँगै पुनर्निर्माण थालिएको छ,' प्रमुख प्रशासकीय अधिकृत दाहालले भने, 'यहाँ पर्यटकलाई लक्षित गरेर पदमार्ग निर्माणसँगै थप संरचनाहरू बन्ने छन् । यो निर्माण अवधि आगमी असार महिनासम्म रहेको छ ।' पदमार्गको निर्माण तथा पुनर्निर्माणका लागि स्वीस सरकारको ५१ प्रतिशत, गाउँपालिकाको २२ प्रतिशत, संघीय सरकारको पाँच प्रतिशत र प्रदेश सरकारको २२ प्रतिशत लागत साझेदारी रहेको प्रशासकीय अधिकृत दाहालले जानकारी दिए ।

मुन्दुम पदमार्ग गाउँपालिकाको गौरवको आयोजना रहेकोले यसको थप विकास तथा विस्तारमा जोड दिइएको गाउँपालिकाकी उपाध्यक्ष रमादेवी राईले बताइन् । गाउँपालिकाले कृषि र पर्यटनलाई मुख्य प्राथमिकता राखेर यहाँका स्थानीयको समृद्धिको आधार तयार गर्ने लक्ष्यका साथ पदमार्ग विस्तार तथा विकासको काम गरिरहेको उपाध्यक्ष राईले बताइन् । पदमार्गले यहाँको धर्म, संस्कार, संस्कृति रहनसहन, रीतिरिवाजको जर्गेनासँगै स्थानीय कृषि उत्पादनलाई पर्यटनसँग जोड्न टेवा पुग्ने उनको भनाइ छ ।

'मुन्दुम पदमार्ग हाम्रो गौरवको योजना हो,' उनले भनिन्, 'यहाँ जति पनि काम भइरहेका छन् यसले यहाँको विकास र समृद्धिलाई जोडेको छ । हामीले कृषि र पर्यटनलाई प्राथिमिकतामा राखेर आर्थिक रुपमा सक्षम बनाउने लक्ष्यका साथ काम बढाइरहेको छौं ।'

मुन्दुम मदमार्गमा आउने पदयात्रीहरूको सहज र सुरक्षित यात्राका लागि गाउँपालिकाले योजनाबद्धरुपमा काम गरिरहेको उपाध्यक्ष राईले जानकारी दिइन् । पदमार्गलाई थप व्यवस्थित बनाउँदै स्थानीयको रोजगारी र जीविकोपार्जनसँग जोड्ने काम भइरहेको उनको भनाइ छ । मुन्दुम भ्रमण वर्ष सन् २०२५ घोषणा गरेर यसको प्रचारप्रसारसँगै विकासको काम भइरहेको उपाध्यक्ष राईले बताइन् । 'मुन्दुम पदमार्ग पूर्वको स्थापित गन्तव्यको रुपमा विकास भइरहेको छ,' उनले भनिन्, 'पदमार्ग विस्तार भएपछि यहाँ आउने पर्यटकको संख्या बढिरहेको छ । पर्यटकको सहज, सरल, सुरक्षित र आरामदायी यात्राका लागि हामीले योजनाबद्ध रुपमा काम गरिरहेका छौं ।'

मुन्दुम पदमार्ग एकमात्र 'भर्जिन' पदमार्ग रहेकाले यसलाई संरक्षण गर्न आवश्यक रहेको गाउँपालिका अध्यक्ष सरोज बस्नेतले बताए । सडक विस्तारका कारण पदमार्गलाई असर पुग्ने भएकाले यस्ता क्रियाकलापलाई रोक्न आवश्यक रहेको अध्यक्ष बस्नेतको भनाइ छ । मुन्दुम पदमार्ग नेपाल सरकारको १०० गन्तव्यमा सूचीकृत मार्ग रहेकोले जिल्ला तथा छिमेकी जिल्लाका स्थानीय तहसँग सहकार्य गरेर विकास तथा विस्तार भइरहेको उनको भनाइ छ ।

'मुन्दुम पदमार्ग एक भर्जिन पदमार्ग हो,' अध्यक्ष राईले भने, 'नेपालमा सायदै यस्ता स्थानहरू कमैमात्र छन् । सडक विस्तारका कारण यस्ता क्षेत्रहरूमा क्षति पुगेको अवस्था छ । पदमार्ग क्षेत्रको संरक्षणका लागि हामीले गम्भिर बन्न आवश्यक छ । एक करोड लागतमा भइरहेको पहिलो चरणको काम सम्पन्न भएपश्चात् यही आर्थिक वर्षमा सम्पन्न हुनेगरी दोस्रो चरणमा ८५ लाख रुपैयाँबराबरको निर्माणको काम हुने अध्यक्ष बस्नेतले जानकारी दिए । पदमार्गमा आधारित पर्यटन विकास परियोजनाअन्तर्गत दिगो र नवीनतम् पर्यटन विकासको अवधारणाअनुसार यहाँ काम भइरहेको परियोजनाकी सामाजिक सुरक्षा अधिकृत पार्वती राणाले बताइन् । *रासस*

# राप्ती नदीमा गोही छाडियो

**चितवन–** चितवन राष्ट्रिय निकुञ्जले घडियाल गोही प्रजनन केन्द्रमा हुर्काइएका १०३ गोही राप्ती नदीमा छाडेको छ । साउनयता पटक-पटक गरी ती गोही नदीमा छाडिएको हो । छाडिएकामध्ये एउटा भाले र अन्य पोथी गोही रहेका छन् ।

निकुञ्जका सूचना अधिकारी अविनाश थापामगरका अनुसार यस वर्ष छाडिएका गोही सन् २०२० मा कोरलिएका बच्चा हुन । गत आर्थिक वर्षमा १०५ गोही नदीमा छाडिएका थिए । नदी किनारबाट गोहीका अण्डा संकलन गरेर प्रजनन् केन्द्रमा राखेर कोरल्ने गरिन्छ । त्यहाँ हुर्किएका गोहीलाई नदीमा छोड्ने गरिन्छ । हालसम्म राप्ती, नारायणीसहित देशका विभिन्न नदीमा दुई हजार ६० गोही छाडिएको छ । यद्यपि ती गोही बच्ने दररेट निकै न्यून छ । थापामगरका अनुसार गत वर्ष गरिएको सर्वेक्षणमा राप्तीमा १५२ र नारायणी ११३ गोही भेटिएका थिए । हाल प्रजनन केन्द्रमा ६९७ गोही रहेका छन् ।

घडियाल गोही संकटापन्न अवस्थामा पुगेको सरीसृप प्राणी हो । विगतमा पाकिस्तान, बंगलादेश, भूटान, म्यान्मालगायत देशमा समेत पाइने गरेका घडियाल अहिले नेपाल र भारतमा मात्रै पाइन्छन् । चितवन राष्ट्रिय निकुञ्ज स्थापना भएपछि सन् १९७५ मा कसरामा घडियाल प्रजनन केन्द्र स्थापना गरिएको थियो । त्यतिखेर देशभरमा १०० भन्दा कम संख्यामा घडियाल गोही रहेको अनुमान गरिन्छ । नदीमा बढ्दो मानवीय चहलपहल, नदीजन्य पदार्थ उत्खनन, प्रदूषण, माछा मारेर खानेलगायतका कारण गोही प्राकृतिक बासस्थानमा असुरक्षित बनिरहेको सूचना अधिकारी थापामगरले बताए । *रासस*


**कुवेतमा रोजगार** कम्पनी : ONLY AND SOLEIL BEAUTY SALON

पूर्व स्वीकृति मिति : २०८१/११/२२ | LT. No. 319957 | चलानी नं. ६०२३४०९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beauticians | 0 | 3 | 150 | ६७,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ALOE VERA SALON & SPA COMPANY FOR LADIES

पूर्व स्वीकृति मिति : २०८१/११/२२ | LT. No. 319958 | चलानी नं. ६०२३४०९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beauticians | 0 | 2 | 150 | ६७,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत्र १ गते (14 Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No 1726/081/082

S.N.K. FACILITIES MANAGEMENT PVT. LTD.
Bafal-13, Kathmandu, Nepal, T: 01-5922923
Mob: 9851049837, Email:- snkhrc@gmail.com, Web: www.snkmanpower.com


## माथिल्लो पिलुवाखोला १ जलविद्युत आयोजना (७.७ मे.वा.) को परिमार्जित प्रारम्भिक वातावरणीय परीक्षण (IEE Supplementary/Revised) प्रतिवेदनको सार्वजनिक सुनुवाई सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशन मितिः २०८१/११/२३)

मेन्छियाम हाईड्रोपावर लि.ले कोशी प्रदेश संखुवासभा जिल्लाको चैनपुर नगरपालिका वडा नं.२ र ३ माथिल्लो पिलुवाखोलाको पानी प्रयोग गरी ७.७ मे.वा.क्षमताको माथिल्लो पिलुवाखोला १ जलविद्युत आयोजनाको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन मिति २०७७ साल असोज महिना २५ गते श्री ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय बाट स्वीकृत भएको थियो । जसमा open canal, surge pipe, penstock pipe हुँदै powerhouse सम्म लगिएको थियो। तर हाल परिमार्जित प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा Headrace pipe बाट पिलुवा खोलाको दाहिने किनारबाट पानी हेडपोन्ड, headrace pipe, सर्ज पाइप र त्यसपछि पेनस्टक पाइप र पावरहाउससम्म पुर्याउने भएको हुँदा स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण परिमार्जन गरि यस परिमार्जित प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गरी प्रस्ताव गरेको छ । आयोजना क्षेत्र सिद्धकाली गाउँको पिलुवा खोलाको दाहिने किनार मा अवस्थित छ । यस परियोजनालाई छुट्टै हेडवर्क आवस्यक छैन । यसले माथिल्लो पिलुवा खोला-२ को टेलरेसबाट डिस्चार्ज जोड्ने नहरबाट लिन्छ र हेडपोन्डमा पुर्याउँछ । आयोजनाको सामान्य व्यवस्थाले हेडपोन्डमा पानी पुर्याउने माथिल्लो पिलुवा-२ आयोजनाको टेलरेसबाट नहर जोड्ने समावेश गरिएको छ । त्यसपछि जलमार्गमा आन्तरिक व्यास १.७ देखि १.३ मिटरको हेडरेस पाइप हुन्छ जसले हेडपोन्डबाट सर्ज टयाङ्कीमा पानी पुर्याउँछ । त्यसपछि लगभग २९५ मिटर लामो पेनस्टक १.३ मिटर व्यासले सर्ज टयाङ्कीलाई पावर हाउससँग जोड्छ जसमा प्रत्येक ३.८५ मेगावाट क्षमताको दुई जेनेरेशन युनिटहरु छन् । अन्तमा छेउछाउको टेलरेसले पानीलाई प्राकृतिक नदीको मार्गमा फिर्ता गर्छ ।

सो माथिल्लो पिलुवाखोला १ जलविद्युत आयोजना (७.७ मे.वा.) को परिमार्जित प्रारम्भिक वातावरणीय प्रतिवेदन तयारीको सिलसिलामा सम्बन्धित सबै सरोकारवालाहरुको राय सुझाव समावेश गर्न वातावरण संरक्षण नियमावली, २०७७ को नियम ६ बमोजिम निम्न मिति, समय र स्थानमा सार्वजानिक सुनुवाई कार्यकम ओयोजना गरिने हुँदा उक्त कार्यक्रमा सहभागि भई आफ्नो अमूल्य राय सुझाव लिखित वा मौखिक रुपमा प्रदान गरी दिनु हुन सम्बन्धित सबै को जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| | |
|---|---|
| **आयोजना प्रभावित क्षेत्र सम्बन्धी विवरण** | कोशी प्रदेश संखुवासभा जिल्लाको चैनपुर नगरपालिका वडा नं.२ र ३ मा रहेको छ। यस आयोजनाको सम्पूर्ण क्षेत्र पिलुवाखोलाको दाँया किनारमा अवस्थित छ। हेठवर्क क्षेत्र चैनपुर न.पा.वार्ड नं.४ नजिकै अवस्थित छ भने बिद्युतगृह सोही वार्डको तल्लाघर गाउँमा अवस्थित छ। |

**सार्वजनिक सुनुवाई हुने मिति, समय र स्थान**

| मिति र समय | स्थान |
|---|---|
| २०८१।१२।०४ सोमबारको दिन, ११ बजे | सिद्धिकाली युवा क्लब, सामुदायिक भवन, तिनखोप्रे, चैनपुर-०३, संखुवासभा |

**आयोजक**

| प्रस्तावकः | परामर्शदाताः |
|---|---|
| **देवी हाईड्रोपावर प्रा.लि.**<br>का.म.न.पा.वडा नं.३ पानीपोखरी<br>फोन नं. ९८०१३९८००१ | **युनिट्स इन्जिनियरिङ्ग कन्स्लटेन्सी प्रा.लि.**<br>बलभद्र मार्गा काठमाण्डौं<br>फोन नं.०१-५०११९०० |

## मेचीनगर नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
ईटाभट्टा, झापा
कोशी प्रदेश, नेपाल

**बोलपत्र आवहानको सूचना**

प्रथम पटक प्रकाशित मिति :२०८१/११/२३

मेचीनगर नगरपालिकाको कार्यालयबाट तपसिल बमोजिमको लागि प्रथम पटकको लागि मिति २०८१/११/२३ गते **https://www.bolpatra.gov.np/egp** मा ई बिड मार्फत सूचना आवहान भएको हुदा आवस्यक कागजपत्रहरु संलग्न राखी बोलपत्रको हकमा रु ३००० (तिन हजार मात्र ) पछि फिर्ता नहुने गरि श्री नेपाल बैंक लिमिटेड काकरभिट्टा शाखामा रहेको यस कार्यालयको नाममा रहेको अन्तरिक राजस्व खाता न १०६०३०००००१००१०००००१ मा नगद जम्मा गरि ई-बिड को माध्यमबाट मात्र बोलपत्र पेश गर्नु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ थप सूचना **https://www.bolpatra.gov.np/egp** बाट हेर्न सकिनेछ।

तपसिल :

| क्र.स. | बोलपत्र प्रकाशित मिति | बोलपत्र पेश गर्ने अन्तिम मिति | ठेक्का न | योजनाको नाम | लागत अनुमान (मु.अ.कर,कन्टिनजेंसी र PS सहित) | खरिद को किसिम | बिड सेक्युरिटि रु |
|---|---|---|---|---|---|---|---|
| १. | २०८१/११/२३ | २०८१/१२/२४ | 61/PatapurBusparkworks/W01/NCB/Mechi/2081/082 | Madan Bhandari margako purwi bhag patapurma buspark sthanma compoundwall nirman,Mechinagar-01 | ४९,९९,९९३.५८ | Works NCB | १,२५,०००.०० |

अनन्त प्रकाश वस्ती
प्रमुख ,प्रशासन ,योजना तथा अनुगमन शाखा

## होटल फरेष्ट इन लि.
बुढानिलकण्ठ, काठमाण्डौं, नेपाल
को

**विशेष साधारण सभाको सूचना**

प्रथम पटक प्रकाशित मिति : २०८१/११/२३

यस कम्पनीको मिति २०८१/११/२२ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार कम्पनीको विशेष साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ८२(१) बमोजिम सम्पुर्ण शेयरधनी महानुभावहरुको लागि यो सुचना जारी गरिएको छ। अन्य सूचना प्राप्त नभए यसै सुचनालाई आधारमानी सभामा उपस्थित हुनका लागि हार्दिक अनुरोध गर्दछौ।

**विशेष साधारण सभाको एजेण्डाहरु :**

❖ विशेष प्रस्ताव:

१. यस कम्पनीको पूँजी संरचना परिवर्तन हुने सम्बन्धमा।
२. कम्पनीको जगेडा शेयर खरिद-बिक्रि गर्न सहमति प्रदान गर्ने बारे।
३. विविध।

**साधारण सभा बस्ने मिति, स्थान र समय :**

**मिति** : २०८१/१२/०८ (तदनुसार २१ मार्च २०२५) शुक्रबार
**स्थान** : कम्पनीको रजिष्टर्ड कार्यालय, बुढानिलकण्ठ, काठमाण्डौं।
**समय** : १ बजे (दिउँसो)
**सम्पर्क** : ०१–४४४०७०६

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

## मेचीनगर नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
ईटाभट्टा, झापा
कोशी प्रदेश, नेपाल

**बोलपत्र आवहानको सूचना**

दोस्रो पटक प्रकाशित मिति :२०८१/११/२२

मेचीनगर नगरपालिकाको कार्यालयबाट तपसिल बमोजिमको लागि दोस्रो पटकको लागि मिति २०८१/११/२२ गते https://www.bolpatra.gov.np/egp मा ई बिड मार्फत सूचना आवहान भएको हुदा आवस्यक कागजपत्रहरु संलग्न राखी बोलपत्रको हकमा रु ३००० (तिन हजार मात्र ) र सिल्बन्धि दरभाउको हकमा रु १००० (एक हजार मात्र ) पछि फिर्ता नहुने गरि श्री नेपाल बैंक लिमिटेड काकरभिट्टा शाखामा रहेको यस कार्यालयको नाममा रहेको अन्तरिक राजस्व खाता न १०६०३०००००१००१०००००१ मा नगद जम्मा गरि ई-बिड को माध्यमबाट मात्र बोलपत्र पेश गर्नु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ थप सूचना https://www.bolpatra.gov.np/egp बाट हेर्न सकिनेछ।

तपसिल :

| क्र.स. | बोलपत्र / सिल्बन्धि दरभाउ प्रकाशित मिति | बोलपत्र/ सिल्बन्धि दरभाउ पेश गर्ने अन्तिम मिति | ठेक्का न | योजनाको नाम | लागत अनुमान (मु.अ.कर,कन्टिनजेंसी र PS सहित) | खरिद को किसिम | बिड सेक्युरिटि रु |
|---|---|---|---|---|---|---|---|
| १. | २०८१/११/२२ | २०८१/१२/१० | 48/Shantisamudhaikbhawan/W10/NCB/Mechi/2081/082 | Construction of Incomplete shanti samudhaik bhawan,Mechinagar-10 | ३३,४९,२२५.२६ | Works NCB | ९०,०००.०० |
| २. | २०८१/११/२२ | २०८१/१२/१० | 56/Ratamateharabote Nirganga/Works03/SQ/Mechi/2081/082 | Construction of Ratamate,Harrabote Nirganga Canal Works,Mechinagae-03 | १४,९९,९०१.२७ | Works Sealed Quotation | ४०,०००.०० |

अनन्त प्रकाश वस्ती
प्रमुख ,प्रशासन ,योजना तथा अनुगमन शाखा

# प्रभाव दैनिक

शुक्रबार, २३ फागुन २०८१ (Friday, March 07, 2025)


## रूपशाला

### वैवाहिक जीवनमा बाँधिए अस्मिता र महेश

गायिका अस्मिता अधिकारी र गायक महेश काफ्ले वैवाहिक जीवनमा बाँधिएका छन् । उनीहरूले बिहीबार लगनगाँठो कसेका छन् । विवाह समारोहमा दुवै तर्फका परिवार, आफन्त र निकट संगीतकर्मी सहभागी छन् । उनीहरूको विवाह समारोह कार्की ब्याङ्क्वेटमा आयोजना गरिएको छ । विवाह अगाडि हल्दी, मेहेन्दी लगायतका सेरेमोनी आयोजना भएको थियो । दुवैले गत असारमा दुबईस्थित संसारको अग्लो टावर 'बुर्ज खलिफा' अगाडि इन्गेजमेन्ट गरेका थिए ।



# महिला चलचित्र महोत्सव सम्पन्न



■ प्रभाव संवाददाता

**काठमाडौं–** 'चलचित्रमा नारी' नारासहित आयोजित तीन दिने 'महिला चलचित्र महोत्सव' बिहीबार सकिएको छ । वरिष्ठ सामाजिक अभियन्ता अनुराधा कोइरालाको उपस्थिति ६ नारीलाई सम्मान गर्दै महोत्सव सकिएको हो ।

गत मंगलबारबाट सरस्वतीनगर, चाबहिलस्थित चलचित्र विकास बोर्डमा सुरु भएको महोत्सव ११५ औं महिला दिवसको अवसर पारेर चलचित्र विकास बोर्डअन्तर्गत रहेको महिला चलचित्रकर्मी सशक्तीकरण समितिले आयोजना गरेको थियो । महोत्सवको उद्घाटन काठमाडौं महानगरपालिकाकी उपमेयर सुनिता डंगोलले गरेकी थिइन् । त्यसपछि ४२ वर्ष पुरानो फिल्म प्रदर्शन गरिएको थियो । फिल्म 'सिन्दूर' प्रदर्शनसँगै सुरु भएको महोत्सव आज अन्तिम दिन महिला प्रधान नाटक 'दृश्य परिदृश्य' मञ्चनसँगै सकिएको हो ।

कार्यक्रममा अभिनेत्री करिश्मा मानन्धर, रश्मि भट्ट, शोभा श्रेष्ठ (श्रृंगार क), गीता अधिकारी (चलचित्र पत्रकार), सरिता साह (कलाकार तथा निर्देशक), पशुपति राई (अभिनेत्री) र थिन्ले ल्हामो (अभिनेत्री) सम्मानित भएका थिए ।

कार्यक्रममा बसुन्धरा भुसाल, भुवन चन्द, चैत्यदेवी, शम्भुजीत बास्कोटा, दीपकराज गिरी, दिपाश्री निरौला, जितु नेपाल, राजभाई सुवाल, मोहन निरौला, निर्मल शर्मा, जनकदीप पराजुली, रविन्द्र खड्का, सुचित्रा श्रेष्ठ, रक्षा सिंह राणा, प्रदीप खड्का, केकी अधिकारी, यम बराल, सविन श्रेष्ठ, अनु शाह, विद्या कार्की लगायतको उपस्थिति थियो ।

कार्यक्रममा ललितकला कलेजका विद्यार्थीले 'सिन्दूर' चलचित्रका महिला चलचित्रकर्मीको बनाएको स्केच सम्बन्धित कलाकारलाई हस्तान्तरण गरिएको थियो । महोत्सवको दोस्रो दिन महिलाद्वारा निर्मित तथा महिलामाथि बनेका चलचित्र प्रदर्शन र 'चलचित्रमा नारी' विषयक संवादमा अभिनेत्री रेखा थापा, स्वस्तिमा खड्काले आफ्नो धारणा राखेका थिए ।

महोत्सवले महिला चलचित्रकर्मीलाई अगाडि बढ्न प्रेरणा र हौसला मिल्ने चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसीले बताए । चलचित्रकर्मी सशक्तिकरण समितिको अध्यक्षमा अभिनेत्री केकी अधिकारी रहेकी छन् ।

## अन्तर्राष्ट्रिय नाट्य महोत्सव शुक्रबारदेखि

**धरान (सुनसरी) (प्रस)–** सुनसरीको इटहरीमा अन्तरराष्ट्रिय नाट्य महोत्सव हुने भएको छ । इटहरी-४ स्थित मेट्रिक्समा आयोजित पत्रकार सम्मेलनमा सो जानकारी दिइयो ।

एसियन पिपुल्स थिएटर फेष्टिबल सोसाइटीद्वारा सर्वनाम थिएटरको सहकार्यमा कोशी प्रदेशको पर्यटन वर्ष-२०८१ को अवसरमा अन्तरराष्ट्रिय नाट्य महोत्सव-२०२५ को आयोजना गरिएको मूल संयोजक म्याट्रिक्स इटहरीका अध्यक्ष विक्रम मिश्रले बताए । यही फागुन २५ गतेसम्म आयोजना हुने महोत्सव इटहरी म्याट्रिक्स परिसरभित्र सांस्कृतिक भवन थिएटर हल सञ्चालन हुनेछ ।

महोत्सवमा १३ मुलुकका २० वटा नाट्य संस्थाका ४४ जना विदेशी रंगकर्मी र संस्कृतिकर्मी कलाकारको सहभागिता रहने छ । महोत्ससव एसियन पिपुल्स थिएटर फेस्टिभल सोसाइटी, हङकङ र सर्वनाम थिएटर, काठमाडौंको सहकार्यमा स्थानीय मूल संयोजन इटहरी म्याट्रिक्स र आरम्भ नाट्य डबलीको रहेको अध्यक्ष विक्रम मिश्रले बताए ।

महोत्सवमा विविध नाटक प्रदर्शन, कार्यशालाहरू साथै सांस्कृतिक आदन–प्रदानका गरिने छ । जसले नेपाल र कोशी प्रदेशको पर्यटन प्रवर्द्धन, अन्तरराष्ट्रिय सम्बन्ध विस्तार तथा कला, संस्कृति र सभ्यताको अभिवृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास लिइएको आयोजकको भनाइ छ ।



# प्रदर्शनको दोस्रो हप्तामा 'लाज शरणम्'

■ प्रभाव संवाददाता

**काठमाडौं–** शिवरात्रिको अवसर पारेर फागुन १४ गतेबाट रिलिज आएको चलचित्र 'लाज शरणम्' प्रदर्शनको दोस्रो हप्तामा प्रवेश गरेको हो ।

उच्च शो सहित सिनेमा दोस्रो हप्तामा प्रदर्शन गरेको हो । राम्रो व्यापारसहित सिनेमा दोस्रो हप्तामा प्रवेश गरेको निर्माणपक्षले जनाएको छ ।

देशकै ठूलो मल्टिप्लेक्स चेन क्यूएफएक्समा काठमाडौं उपत्याकामा मात्रै यो सिनेमालाई बिहीबार २१ शो दिइएको छ । देशभर १५० भन्दा बढी शो रहेको निर्माता नवीन श्रेष्ठले जानकारी दिए ।

'हाम्रो चलचित्र सफलतासहित दोस्रो हप्तामा प्रवेश गरेको छ,' निर्माता नवीनले भने, 'दर्शकको राम्रो प्रतिक्रिया र राम्रो व्यापार गर्दै लाज शरणम् दोस्रो हप्तामा प्रवेश गरेको हो ।'

'लाज शरणम्'ले पहिलो दिन एक करोड १० लाख रुपैयाँ ग्रसकलेक्सन गरेको थियो । त्यसयताको कलेक्सन भनेको निर्माणपक्षले सार्वजनिक गरेको छैन । चलचित्रमा महेश त्रिपाठी, सिताराम कट्टेल, विजय बराल, अर्जुन घिमिरे, सागर लम्साल, हरिष निरौला, अर्पण थापालगायत कलाकार मुख्य भूमिकामा छन् । 'लाज शरणम्'लाई कुमार कट्टेलले निर्देशन गरेका हुन् । जेपीटी क्रिएसनको ब्यानरमा निर्माण भएको चलचित्रमा नवीन श्रेष्ठ निर्माता छन् । राम नरेश शाह र सिर्जना खड्का सहनिर्माता छन् ।

## रंगशाला

### कपिलवस्तु तिलौराकोट गोल्डकप

# मच्छिन्द्र बन्यो च्याम्पियन




■ प्रभाव संवाददाता

**काठमाडौं–** थ्री स्टार क्लबलाई पराजित गर्दै मच्छिन्द्र फुटबल क्लबले बुधबार दोस्रो मुख्यमन्त्री कपिलवस्तु तिलौराकोट गोल्डकप फुटबल प्रतियोगिताको उपाधि जितेको छ । तिलौराको बुद्ध रंगशालामा सम्पन्न फाइनलमा मच्छिन्द्रले थ्री स्टारमाथि १-० को जित निकालेको हो । मच्छिन्द्रलाई च्याम्पियन बनाउन देवेन्द्र तामाङले गरेको गोल नै निर्णायक बन्यो ।

उनले खेलको १२औं मिनेटमा विमल घर्तीमगरको पासमा गोल गरेका थिए । उनी नै म्यान अफ द म्याच भए र १० हजार रुपैयाँ प्राप्त गरे । उपाधिसँगै मच्छिन्द्रले ११ लाख ११ हजार एक सय ११ रुपैयाँ प्राप्त गरेको छ । उपविजेता थ्रीस्टारले भने पाँच लाख ५५ हजार पाँच सय ५५ रुपैयाँमा चित्त बुझायो ।

प्रतियोगिताको उत्कृष्ट गोलकिपर सन्तोष महतो घोषित भए । उत्कृष्ट डिफेन्डर साइमन्ड, उत्कृष्ट मिडफिल्डर अनिल खड्का र उत्कृष्ट खेलाडी शौरभ लिम्बू भए । यी सबै खेलाडी मच्छिन्द्रका हुन् । सन्तोष, साइमन्ड र अनिलले समान ३० हजार रुपैयाँ प्राप्त गरे । शौरभले भने ५० हजार रुपैयाँ हात पारे ।

# विश्व पारा एथलेटिक्स ग्रान्ड प्रिक्समा सहभागी हुने खेलाडीको बिदाई



■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य-सचिव टंकलाल घिसिङले विश्व पारा एथलेटिक्स ग्रान्ड प्रिक्समा सहभागी हुने ६ खेलाडीसहित १० सदस्यीय नेपाली टोलीलाई एक कार्यक्रमबीच बिदाइ गरेका छन् ।

मार्च ७ देखि १४ तारिखसम्म दिल्लीमा हुने प्रतियोगितामा ५ पुरुष र १ महिला खेलाडीले नेपालको चुनौती प्रस्तुत गर्ने छन् ।

विश्व पारा एथलेटिक्स ग्रान्ड प्रिक्समा पुरुष ४ सय मिटर दौडमा नवराज कार्की, पुरुष ४ सय मिटर दौड र ज्याभ्लिन थ्रोमा गोविन्द गिरी, सटपुटमा हिमाल अर्याल र फणिनारायण पौडेल, डिस्कस थ्रोमा राजु गुरुङ तथा महिला २ सय-४ सय मिटर दौड र लङजम्पमा प्रभा आङदेम्बेले भाग लिदै छन् । त्यस्तै अफिसियल राखेपकी सदस्य अन्जना श्रेष्ठ र मुक्तिनाथ अधिकारी, व्यवस्थापक ओमनाथ सिवाकोटी तथा प्रशिक्षक विमला राना मगर रहेका छन् ।


## Ghyanglekh Rural Municipality
### Office of the Rural Municipal Executive
Hayutar, Sindhuli
Bagmati Province, Nepal

### e-Bid Invitation for Bids

**Date of Publication:2081/11/23 (07-03-2024 AD)**

1. The **Ghyanglekh Rural Municipality, Sindhuli** invites electronics bids from eligible bidder for the Procurement of works under bidding procedures specified in Public Procurement Act and Regulations.
2. **Details of Works:**

| S. N. | Contract ID | Description of Work | Bid Security Amount Nrs. | Estimated Amount (with VAT and PS) |
|---|---|---|---|---|
| 1 | GHRM/Civil/Works/ NCB/05/2081-82 | Marinsir Ghyanglekh 3 Bipat Aashraya Sthal Nirman | 62,500.00 | 29,09,371.08 |

3. Bidding Documents is available Online and can be download from e-GP System **www.bolpatra.gov.np/egp.** Interested bidders shall register in the e-GP system and deposits the cost of bidding documents in the following bank. **(Contacts no. and Name of the bidders must be including in the voucher otherwise rejected)**
   **Information to deposit the cost of bidding document in Bank:**
   **Cost of Bid-Document for each package:** Nrs. 3000/- **(Bidder must deposit their Bid document fee through Local Level Revenue Portal https://sutrarevenue.fcgo.gov.np)**
   **Name of Bank:** Nepal SBI Bank Ltd. Ghyanglekh branch, Sindhuli
   **Name of Office:** Ghyanglekh Rural Municipality
   **Office Code No:** 801032504
   **Internal Revenue Account No:** Ga-1-1(43395241207004)
   **Dharauti Account No.** (Dharauti Khata): Ga-3(43325240600016)
4. Interested Bidder shall submit the electronics bids to the **office of Ghyanglekh Rural Municipality, Sindhuli** through PPMO website on before **2081/12/24, 12:00 hours.** Bids received after this deadline will be rejected.
5. The bid will be open in the presence of Bidders representative who choose to attend at **2081/12/24, 13:00 hours** at the **office of Ghyanglekh Rural Municipality, Sindhuli.**
6. Bid must be valid for a period of **90 days** from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format as mentioned which shall be valid for **30 days** beyond the validity period of the bid. If bidder wishes to submit the cash security, the cash to be deposited in **Deposit Account No. Ga-3(43325240600016)** and submit receipt of deposit amount.
7. If the specified last date of bid document purchasing and submission/opening, fall on a Government holiday then the same time on the next day shall be considered for such events. However, the last date for bid submission and opening shall be the next working day after the last date of bid purchasing. In such case the validity of bid security shall be considered from already specified last date for bid submission.
8. All government rules and regulations shall be according to Procurement act of Nepal. The Rural Municipality office reserves the right to accept, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Chief Administrative Officer**



भारत नियन्त्रित कश्मीरको ग्रीष्मकालीन राजधानी श्रीनगर सहरबाट लगभग १०० किलोमिटर उत्तरमा रहेको सोनमार्गमा मानिसहरू हिउँ हटाउँदै । *तस्विर: सिन्हुवा*

# हमासले बन्धकलाई रिहा नगरे 'नारकीय' परिणाम भोग्न तयार हुनुपर्ने ट्रम्पको चेतावनी

**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले गाजामा युद्धरत प्यालेस्टिनी समूहलाई बन्धक त्याग्न वा 'नरक'को सामना गर्न तयार रहनुपर्ने चेतावनी बुधबार राति दिएका छन् । उनले हमास लडाकु समूहको नेतृत्वलाई गाजा क्षेत्र खाली गर्न पनि निर्देशन दिएका छन् ।

ट्रम्पले आफ्नो ट्रुथ सोसल प्लेटफर्ममा गरेको पोस्टमा भनेका छन्, 'सही निर्णय लिनुहोस् । बन्धकहरूलाई अहिले नै छोडिदिनुहोस्, नत्र पछि यसको परिणाम नरक हुने छ ! गाजाका जनताका लागि एक सुन्दर भविष्यले पर्खिरहेको छ तर यदि तपाईं बन्धकहरू रिहा गर्नुभएन भने त्यो सम्भव हुने छैन ।'

सोही पोस्टमा अमेरिकी नेताले हमासलाई भनेका छन्, 'सबै बन्धक र तपाईंले हत्या गरेका मानिसहरूका सबै शवहरू पछि होइन तुरुन्तै अहिले नै फिर्ता गर्नुहोस् । यो तपाईंका लागि अन्तिम चेतावनी हो ! हमाससँग अझै पनि अवसर छ त्यो हो उसले अब गाजा छोड्ने समय आएको छ ।'

उनले अगाडि लेखेका छन्, 'म इजरायललाई आफ्नो काम पूरा गर्न आवश्यक पर्ने सबै कुरा पठाउँदै छु, यदि तपाईंले मैले भनेजस्तो गर्नुभएन भने हमासका कुनै पनि सदस्य सुरक्षित हुने छैनन् ।'

सन् २०२३ को अक्टोबर ७ मा हमासले इजरायलमाथि गरेको आकस्मिक आक्रमणमा पक्राउ परेकामध्ये पाँच जना अमेरिकी पनि रहेको विश्वास गरिएको छ । तीमध्ये चार जनाको मृत्यु भएको पुष्टि भएको छ भने अर्का एडान अलेक्जेन्डर जीवितै रहेको बताइएको छ । इजरायली जेलमा रहेका प्यालेस्टिनी कैदीहरूका लागि इजरायली बन्धकहरूको आदानप्रदानसहित छ हप्ताको सापेक्षिक शान्तिपछि युद्धविरामको पहिलो चरण गत सप्ताहन्तमा समाप्त भएको थियो ।

इजरायलले पहिलो चरण अप्रिलको मध्यसम्म लम्ब्याउन चाहेको बताइरहँदा हमासले भने दोस्रो चरणमा प्रवेश गर्नुपर्नेमा जोड दिएको छ ।

### अमेरिकासँग प्रत्यक्ष वार्ता

हमासका अधिकारीहरूले बुधबार गाजामा बन्धक बनाइएका व्यक्तिलाई मुक्त गर्ने सम्बन्धमा अमेरिकी दूतसँग प्रत्यक्ष वार्ता गरेको बताएका छन् । 'हमास र विभिन्न अमेरिकी सञ्चार च्यानलबीच धेरै पटक कुराकानी भएको र पछिल्लो पटक इजरायलका लागि अमेरिकी राजदूतसँग वार्ता भएको छ र अमेरिकी नागरिकता लिएका इजरायली जीवित र मृतक दुवै कैदीको विषयमा छलफल भएको छ,' हमासका एक अधिकारीले नाम नबताउने सर्तमा भने ।

हमासका अन्य वरिष्ठ अधिकारीले 'हालैका दिनमा दोहामा हमास र अमेरिकी अधिकारीबीच दुईपटक प्रत्यक्ष बैठक भएको' पुष्टि गरेका छन् । *रासस/एएफपी*



## ट्रम्पको चेतावनीले गाजा युद्धविरामलाई कमजोर बनाएको हमासको आरोप

**गाजा–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको धम्कीले कमजोर युद्धविरामको अवहेलना गर्न इजरायललाई प्रोत्साहित गर्ने हमासले बिहीबार बताएको छ । अमेरिकाले 'आतंकवादी' समूह मान्ने हमाससँग गाजामा रहेका अमेरिकी बन्धकहरूलाई लक्षित गरी आकस्मिक प्रत्यक्ष वार्ता गरेको ट्रम्पको प्रशासनले खुलासा गरेको केही घण्टापछि ट्रम्पको यो चेतावनी आएको थियो । इजरायली प्रधानमन्त्री बेञ्जामिन नेतन्याहुको कार्यालयले इजरायलसँग परामर्श भएको पुष्टि गर्दै प्रत्यक्ष वार्ताका बारेमा आफ्नो धारणा व्यक्त गरेको जनाएको छ । ट्रम्पले आफ्नो प्रशासनले अर्बौं डलरको हतियार छिटो उपलब्ध गराउने क्रममा आफूले इजरायललाई आफ्नो काम पूरा गर्न आवश्यक सबै कुरा पठाउने बताएका थिए ।

ट्रम्पले सन् २०२३ को अक्टोबर ७ मा हमासको आक्रमणको प्रतिक्रियास्वरूप इजरायलको अथक सैन्य अभियानका कारण गाजाको सम्पूर्ण जनसंख्या विस्थापित भएको पनि बताएका थिए । 'गाजाका जनताका लागिः एक सुन्दर भविष्यले पर्खिरहेको छ, तर यदि तपाईं बन्धकहरू राख्नुहुन्छ भने तपाईं सम्झनुस् परिस्थिति फरक हुने छ । ठूलो क्षति व्यहोर्नुपर्ने छ,' ट्रम्पले भनेका छन् । हमासका प्रवक्ता हाजेम कासिमले ट्रम्पको शब्दले इजरायललाई जनवरी १९ देखि जारी युद्धविरामका सर्तहरूको अवहेलना गर्न प्रेरित गरेको बताए । *रासस/एएफपी*

# बढ्दो अन्तर्राष्ट्रिय 'अनिश्चितता'को सामना गर्दै चिनियाँ अर्थतन्त्र

**बेइजिङ–** चीनको अर्थतन्त्रले अन्तर्राष्ट्रिय परिवेशमा बढ्दो 'अनिश्चितता'का साथै अपर्याप्त आन्तरिक मागको सामना गरिरहेको एक उच्च वित्तीय अधिकारीले बिहीबार बताएका छन् । संयुक्त राज्य अमेरिकासँग बढ्दो व्यापार युद्धले निर्यातमा असर पारेकाले बेइजिङले बुधबार पाँच प्रतिशतको हाराहारीमा वार्षिक वृद्धिको महत्त्वाकांक्षी वार्षिक वृद्धिको लक्ष्य राखेको छ ।

अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले यसै साता चिनियाँ आयातमा थप कर वृद्धि गरेका छन् । ट्रम्पले आफ्नो शपथ ग्रहण समारोहमा जनाएको प्रतिबद्धताअनुसार कर वृद्धि हुने बताएका हुन् । चीनको राष्ट्रिय विकास तथा सुधार आयोगका अध्यक्ष झेङ शाञ्जीले एक पत्रकार सम्मेलनमा भने, 'चीनले यो वर्ष आफ्नो आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न सक्छ भन्नेमा उसलाई पूर्ण विश्वास छ ।'

'हामीसँग यस वर्षको पाँच प्रतिशतको आर्थिक वृद्धिको लक्ष्य हासिल गर्ने आधारभूत समर्थन र सुनिश्चितता छ,' झेङले भने । बेइजिङको वार्षिक दुई सत्रको राजनीतिक बैठकका क्रममा बोल्दै झेङले 'बाह्य वातावरणमा अनिश्चितता झन् बढ्दै गएको' स्वीकारेका छन् । उनले भने, 'केही उद्योग र केही उद्यममा अपर्याप्त आन्तरिक माग, उत्पादन र सञ्चालनको कठिनाइजस्ता केही समस्या पनि हामीले सामना गरिरहेका छौं । यद्यपि, हामीलाई लाग्छ कि यी कठिनाइ र चुनौतीहरू विकास र प्रगतिको प्रक्रियामा छन्, र ती सबै पार गर्न र समाधान गर्न सकिन्छ ।'

प्रधानमन्त्री ली कियाङले बुधबार कम्युनिस्ट पार्टीको वार्षिक सम्मेलनमा घोषणा गरेको चीनको महत्त्वपूर्ण वृद्धिको आँकडा व्यापक रूपमा विश्लेषकहरूको एएफपी सर्वेक्षणसँग मिल्दोजुल्दो थियो, यद्यपि विशेषज्ञहरूले चीनको आर्थिक चुनौतीहरूको परिमाणलाई ध्यानमा राख्दै यो महत्त्वाकांक्षी रहेको बताएका छन् । विश्वको दोस्रो ठूलो अर्थतन्त्र भएको यो अर्थतन्त्रले कोभिड-१९ को महामारीपछि आफ्नो स्थान पुनः प्राप्त गर्न संघर्ष गरिरहेको छ, घरेलु उपभोग र विशाल सम्पत्ति क्षेत्रमा निरन्तर ऋण संकट जारी छ ।

ट्रम्पको पछिल्लो चरणको करवृद्धिले चीनले सामना गर्नुपरेको अवरोधलाई थप बढाएको छ । यी करहरूले विश्वका दुई ठूला अर्थतन्त्रहरूबीचको कुल व्यापारमा सयौं अर्ब डलरको असर पार्ने अनुमान गरिएको छ । बेइजिङले वासिङ्टनको पछिल्लो कर वृद्धिको प्रतिशोधस्वरूप मंगलबार आफ्नै उपायहरूको घोषणा गरेको छ र 'तीतो अन्त्य' का लागि व्यापार युद्ध लड्ने प्रतिबद्धता व्यक्त गरेको छ । यो कदमले चीनले सोयाबिन, सुँगुरको मासु र गहुँलगायत अमेरिकी कृषि उत्पादनहरूमा अर्को हप्ताको सुरुदेखि १५ प्रतिशतसम्म कर लगाउने छ । *रासस/एएफपी*

# रोहिंग्या शरणार्थीको खाद्यान्न सहायता आधा घटाइने

बंगलादेश- संयुक्त राष्ट्रसंघीय खाद्य निकायले आर्थिक अभावका कारण बंगलादेशमा रहेका करिब १० लाख रोहिंग्या शरणार्थीका लागि जाने खाद्यान्न आगामी महिनादेखि आधा कटौती गर्नुपर्ने अवस्था आएको बताएको छ । सन् २०१७ मा छिमेकी मुलुक म्यान्मामा भएको सैन्य कारबाहीबाट भागेर आएका रोहिंग्या समुदायका अधिकांश शरणार्थी बंगलादेशको राहत शिविरमा बसिरहेका छन् ।

सहायतामा निर्भर रहेका र व्यापक कुपोषणबाट पीडित रोहिंग्या समुदायका लागि लगातारको सहायता कटौतीले पहिले नै अत्यधिक कठिनाइ निम्त्याइसकेको छ । संयुक्त राष्ट्रसंघीय विश्व खाद्य कार्यक्रम (डब्लुएफपी) ले बुधबार एक पत्र लेख्दै भनेको छ, 'कोषको चरम अभावका कारण मासिक खाद्यान्न भौचरमा प्रतिव्यक्ति १२.५० डलरबाट ६.०० डलरमा कटौती गरिएको छ ।' 'दुर्भाग्यवश, हामीले अझै पनि पर्याप्त कोष प्राप्त गरेका छैनौं, र लागत र बचत नियन्त्रणका उपायहरू मात्र पर्याप्त छैनन्,' पत्रमा भनिएको छ । बंगलादेशस्थित शरणार्थी निकायका मोहम्मद शमसूद डुजाले एएफपीसँग कुरा गर्दै आफ्नो कार्यालयले अर्को हप्ता समुदायका नेताहरूसँग बैठक गर्ने बताएका छन् ।

राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले मुस्लिम समुदायको वार्षिक रोजाका अवसरमा रोहिंग्या शरणार्थीसँग भेट्नुभन्दा केही दिनअघि (बुधबार) पत्र आएको हो । सन् २०१७ मा राष्ट्रसंघको नरसंहार अनुसन्धानको विषय बनेको म्यान्मामा भएको दमनले करिब सात लाख ५० हजार रोहिंग्यालाई हत्या, बलात्कार र आगजनीका पीडादायी कथा लिएर छिमेकी देश बंगलादेशमा भाग्न बाध्य बनाएको थियो । बंगलादेशले आफ्नो विशाल शरणार्थी जनसंख्यालाई समर्थन गर्न संघर्ष गरिरहेको छ र म्यान्मामा थोक फिर्ती वा अन्यत्र पुनर्वासको सम्भावना टाढा छ । कक्स बजार वरपरका शिविरमा बस्ने रोहिंग्याहरूलाई रोजगारी खोज्न अनुमति छैन र बाँच्नका लागि सीमित मानवीय सहायतामा लगभग पूर्णरूपमा निर्भर हुनुपर्ने बाध्यता छ । *रासस/एएफपी*


**साउदीमा रोजगार** — कम्पनी : AL GHAREEF INTERNATIONAL FOR LOGISTIC CO. LTD.

पूर्व स्वीकृति मिति : २०८१/११/२२ | LT. No. 319884 | चलानी नं. ६०२३४०८१

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 4 | 0 | 1800 | ६६,०३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत्र ३ गते (16 Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

NABIL OVERSEAS PVT LTD. श्रम इजाजत नं. ३५९/०५९/०६०
Old Baneshwor Ktm, Nepal, Tel: +977-1-4479617/4472474, Fax : +977-1 -4466023

**कतारमा रोजगार** — कम्पनी : Byk Star Antrnashywnal Syrfyss

पूर्व स्वीकृति मिति : २०८१/११/०४ | LT. No. 318492 | चलानी नं. ६०२३३०७६

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gen. Clean. Worker | 1 | 0 | 1000 | ३८,२३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | GEN. CLEN. WORKER | 1 | 2 | 1000 | ३८,२३५ | | | | | | | |
| 3 | Supervisor | 0 | 2 | 2500 | ९५,५८५ | | | | | | | |
| 4 | Waiter | 2 | 0 | 1400 | ५३,५२५ | | | | | | | |

कम्पनी : Al Sarh Cleaning EST

पूर्व स्वीकृति मिति : २०८०/११/२२ | LT. No. 319918 | चलानी नं. ६०२३४०८४

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gen Clean Workers (Room Boys, Steward, Laundry Boy) | 0 | 5 | 1000 | ३८,२३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत्र १ गते (14 Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

GREEN LIGHT OVERSEAS PVT. LTD श्रम इजाजत नं. 1365/074/75
Basundhara-3, Kathmandu Tel : +977-1-5905757, 5905758
Email:info@greenlight.com.np, Web: www.greenlight.com.np

**साउदीमा रोजगार** — कम्पनी : BRUGE ALDAMMAM GENERAL CONTRACTING EST

पूर्व स्वीकृति मिति : २०८१/११/२१ | LT. No. 319850 | चलानी नं. ६०२३४०४७

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load & Unloading Workers | 5 | 0 | 1000 | ३६,६८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : ALOMAIER TRADING & CONTRACTING CO is a closed joint stock company

पूर्व स्वीकृति मिति : २०८१/११/२२ | LT. No. 319849 | चलानी नं. ६०२३४०४६

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 60 | 0 | 1800 | ६६,०३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Road Maintainance Labour | 50 | 0 | 1000 | ३६,६८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत्र १ गते (14 Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

Pigeon International Overseas Pvt. Ltd श्रम इजाजत नं. ३८४/०५९/०६०
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277,
E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np

**साउदीमा रोजगार** — कम्पनी : Sajida International Trading Company

पूर्व स्वीकृति मिति : २०८१/११/२२ | LT. No. 319911 | चलानी नं. ६०२३४०६६

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 10 | 0 | 1000 | ३७,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत्र १ गते (14 Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

Prince International Employment Service Pvt. Ltd. श्रम इजाजत नं. ४३५/०६०/०६१
Samakhusi-26 Ktm, Nepal, Tel : +977-1-4387650, Mobile: 981-3952892, 9706180600, 9813952892
E-mail : info@princeies.com, mkhatiwada799@gmail.com, binod2551@gmail.com

**कतार/युएइमा रोजगार** — कम्पनी : UNIQUE MULTIPURPOSE ENTERPRISE WLL

पूर्व स्वीकृति मिति : २०८१/११/२२ | LT. No. 319871 | चलानी नं. ६०२३४०५२

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant | 1 | 0 | 3600 | १३७,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Admin Manager | 1 | 0 | 5700 | २१७,९३५ | | | | | | | |
| 3 | Driver | 2 | 0 | 1400 | ५३,५२५ | | | | | | | |
| 4 | Labour | 1 | 0 | 1000 | ३८,२३५ | | | | | | | |
| 5 | Manager /general Manager | 1 | 0 | 5700 | २१७,९३५ | | | | | | | |
| 6 | Plumber | 2 | 0 | 1100 | ४२,०५५ | | | | | | | |
| 7 | Represantative | 1 | 0 | 2200 | ८४,११५ | | | | | | | |
| 8 | Sales Supervisor | 2 | 0 | 2500 | ९५,५८५ | | | | | | | |
| 9 | Sales-man | 1 | 0 | 1300 | ४९,७०५ | | | | | | | |
| 10 | Supervisor | 1 | 0 | 2500 | ९५,५८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत्र १ र २ गते (14 & 15 Mar. 2025) मा हुनेछ ।

कम्पनी : PROFILE RECRUITMENT - SOLE PROPRIETORSHIP L.L.C.

पूर्व स्वीकृति मिति : २०८१/०८/२४ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/११/२२ | LT. No. 314955 | चलानी नं. ६०२२९४४१

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker/Labour | 191 | 0 | 800 | २९,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत्र १ गते (14 Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

Munal Overseas Pvt. Ltd. श्रम इजाजत नं. ४६५/०६०/०६१
Kalamatidole, Airport, Ktm, Nepal. Tel.: +977-01-4561297, 4562046, 9806758605

**युएइमा रोजगार** — कम्पनी : Modern Building Contracting Co LLC BR Dubai

पूर्व स्वीकृति मिति : २०८१/११/२२ | LT. No. 319895 | चलानी नं. ६०२३४०७४

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Plumbers | 2 | 0 | 1200 | ४४,९६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Asst.plumber | 3 | 0 | 1200 | ४४,९६५ | | | | | | | |
| 3 | Brick Mason/plumber/cb.tech/instal | 30 | 0 | 1200 | ४४,९६५ | | | | | | | |
| 4 | Building Labour | 30 | 0 | 1000 | ४४,९६५ | | | | | | | |
| 5 | Building Painter | 1 | 0 | 1200 | ४४,९६५ | | | | | | | |
| 6 | Construction Carpenter Asst/labour | 10 | 0 | 1200 | ४४,९६५ | | | | | | | |
| 7 | Male Tile Layer | 1 | 0 | 1200 | ४४,९६५ | | | | | | | |
| 8 | Reinforcing Fitter Assistant | 3 | 0 | 1200 | ४४,९६५ | | | | | | | |
| 9 | Steel Fixer (Haddad) | 20 | 0 | 1200 | ४४,९६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत्र १ गते (14 Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

YOUNG MANPOWER PVT.LTD. Govt. License No. 1047/073/74
Gaushala-9, Kathmandu, Nepal, Tel: +977-1-4583814, 4583815 , 4583816
E-mail : youngmanpower123@gmail.com, Web: https://www.youngmanpower.com.np/

**युएईमा रोजगार** — कम्पनी : Duserve Facilities Management And Building Cleaning Services L.L.C.

पूर्व स्वीकृति मिति : २०८१/११/२२ | LT. No. 319649 | चलानी नं. ६०२३४०५६

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 100 | 50 | 1000 | ३७,४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Host | 25 | 25 | 1200 | ४४,९६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत्र १ गते (14 Mar. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

Yovant Recruitment Services PVT. LTD.)
Samakhushi-26, Kathamndu, Nepal Phone No.01-4973973
Mob : 9815015291, 9849842264, 9851019844, 9769359609, yovant1652@gmail.com



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १७०७०० | प्रति तोला – ० | प्रति तोला – १९८५ |



**देशकै ठूलो पेपर उद्योग** | प्रधानमन्त्री केपी शर्मा ओली बिहीबार महोत्तरीको गौशाला नगरपालिका वडा नम्बर १, रामनगर इटाटारमा नवनिर्मित नेपाल पल्प एण्ड पेपर इण्डस्ट्रिज प्रालिको उद्घाटन गरेका थिए । उक्त उद्योग २ अर्ब रुपैयाँको लागतमा सञ्चालनमा ल्याइएको जनाइएको थियो । *तस्बिरः प्रदीपराज वन्त/रासस*

# बजेटबारे शहरी र ऊर्जा मन्त्रालयसँग छलफल

## संघीय महत्वका आयोजनहरूमा केन्द्रित हुन अर्थमन्त्रीको आग्रह

■ प्रभाव संवाददाता

**काठमाडौं–** उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले संघीय महत्वका आयोजनाहरू मात्र संघले गर्ने भएकाले नयाँ बजेटका लागि आयोजनाहरू प्रस्तुत गर्दा विशेष ध्यान दिन आग्रह गरेका छन् ।

आर्थिक वर्ष २०८२/०८३ को बजेट निर्माणसम्बन्धी शहरी विकास मन्त्रालय र उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयसँगको छुट्टाछुट्टै छलफलमा अर्थमन्त्री पौडेलले संवैधानिक कार्य जिम्मेवारी अनुसार प्रदेश र स्थानीय सरकारको जिम्मेवारी र भूमिकालाई दृष्टिगत गर्दै ठूला आयोजनाहरूमा केन्द्रित हुन आग्रह गरेका हुन् । उनले संघीयतामा प्रदेश र स्थानीयतहले गर्ने काम संघले गर्न जरुरी नरहेको बताएका छन् ।

अर्थमन्त्री पौडेलले प्रदेश र स्थानीय तहमा अधिकार र जिम्मेवारी हस्तान्तरण गरेर अघि बढ्दामात्र संघीयताको अभ्यास बलियो हुने बताएका छन् । उनले तयारीमा रहेका आयोजनाहरूको कार्यान्वयन र आगामी दिनमा आवश्यक पर्ने महत्वपूर्ण आयोजनाहरूको



तयारीमा ध्यान पुर्याउन पनि अनुरोध गरेका छन् ।

अर्थमन्त्री पौडेलले विकासलाई नीतिमार्फत पनि सम्बोधन गर्न जरुरी रहेकोमा जोड दिँदै नीतिले थप क्षेत्रहरू खुल्ला गर्ने धारणा व्यक्त गर्नु भएको छ । अहिलेको संसदबाट यो भन्दा बलियो सरकार बन्ने सम्भावना नरहेको उल्लेख गर्दै अर्थमन्त्री पौडेलले सबैभन्दा बलियो सरकार भएका सबै पक्षसँग परामर्श गरी देशको आवश्यकता र जनताको चाहना अनुसार नयाँ बजेट बनाउने बताएका छन् ।

शहरी विकास मन्त्रालयसँगको छलफलमा उपप्रधानमन्त्री एवं शहरी विकास मन्त्री प्रकाशमान सिंह, सचिव र विभागीय प्रमुखहरू थिए भने उर्जा मन्त्रालयसँगको छलफलमा उर्जा मन्त्री दीपक खड्का, सचिव,विभागीय प्रमुखलगायत सहभागी थिए ।

# ‘नेपाल बिजनेस समिट’ काठमाडौंमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको संयोजन तथा नेपाल चेम्बर अफ कमर्श र नेपाल बिजनेश इन्स्टिच्युट (एनबिआई)को आयोजनामा काठमाडौँमा अन्तरराष्ट्रियस्तरको बिजनेस समिट हुने भएको छ ।



दिगो र आत्मनिर्भर अर्थतन्त्र भन्ने नाराका साथ दोस्रो संस्करणको नेपाल बिजनेस समिट आगामी वैशाख ७ गते हुन लागेको आयोजक नेपाल चेम्बर अफ कमर्शले जनाएको छ । उद्योग व्यवसायसहित समग्र अर्थतन्त्रसँग सम्बन्धित व्यक्तित्वको उल्लेख्य उपस्थितिमा पहिलो संस्करणको समिट पनि काठमाडौँमै सम्पन्न भएको थियो ।

समिटमा सङ्घीय सरकारका उच्च राजनीतिक एवं प्रशासनिक अधिकारी, प्रदेशका मुख्यमन्त्री, स्थानीय निकायका प्रमुख, स्वदेशी तथा विदेशी विषयविज्ञ, अर्थविद्, बैंकिङ क्षेत्रका ज्ञाता, दातृ निकायका प्रतिनिधि, निजी क्षेत्रसम्बद्ध अग्रणी संस्थाका नेतृत्वगण, बैङ्क तथा वित्तीय संस्थाका अध्यक्ष, सञ्चालक तथा उच्च अधिकारी, लब्धप्रतिष्ठित उद्योगी एवं व्यावसायी, नवप्रवर्द्धनीय क्षेत्रमा कार्यरत युवा तथा महिला, आईटी तथा डिजिटल प्रविधिमा सङ्लग्न युवा, वैदेशिक रोजगारबाट फर्केका उद्यमशील जनशक्ति तथा उच्च शिक्षामा अध्ययनरत विद्यार्थीसहित पाँच सयभन्दा बढीको सहभागिता रहने एनबिआईका कार्यकारी अध्यक्ष एवं सम्मेलन आयोजक कमिटीका संयोजक विशाल गैरेले जानकारी दिए ।

नीति निर्माण तहका सरकारी अधिकारीहरू, उद्योग-व्यवसायसम्बद्ध सङ्घ/संस्थाका प्रतिनिधि, औद्योगिक घरना, प्राज्ञिक व्यक्तित्व, युवा तथा महिला उद्यमीबीच सघन छलफल, बहस तथा अन्तरक्रियालगायतका कार्यक्रम गरी मुलुकको अर्थतन्त्र सुधार गर्न सहयोग पुर्याउने उद्देश्यले समिट आयोजना गर्न लागेका संयोजक गैरेले स्पष्ट गरे ।

उनका अनुसार व्यापार व्यवसायसँग प्रत्यक्ष सरोकार राख्ने स्थापित संस्था नेपाल चेम्बर अफ कमर्शसँगको सहकार्यमा हुनलागेको समिटबाट प्राप्त निष्कर्षसहितको सुझाव प्रतिवेदन तीनै तहका सरकारसमक्ष पेश गर्ने र सुझाव कार्यान्वयनका बारेमा निरन्तर अनुगमन गरिने छ ।

नेपाल चेम्वर अफ कमर्शका अध्यक्ष कमलेश अग्रवालले राष्ट्रिय तथा अन्तरराष्ट्रिय क्षेत्रमा देखिएको आर्थिक मन्दीका कारण प्रभावित समग्र निजी क्षेत्रलाई उत्साहित र चलायमान बनाउने उद्देश्यले आर्थिक, बैङ्किङ, उद्योग, व्यवसाय, सूचना प्रविधि, कृषिलगायतका व्यावसायिक क्षेत्रमा देखिएका जल्दाबल्दा समस्या र समाधानका विषयमा घनिभूत छलफल तथा अन्तरक्रिया गरी समिटमार्फत प्राप्त निष्कर्षसहितको सुझाव प्रतिवेदन कार्यान्वयनका लागि सरोकार राख्ने सरकारी निकायमा पेश गरिने स्पष्ट गरे ।

एनबिआईका कार्यकारी अध्यक्ष एवं सम्मेलन आयोजक कमिटिका संयोजक गैरेले दुई ठूला अर्थतन्त्र भएका छिमेकी मुलुक चीन र भारतबीचको गतिशील साँघु बनाइ आन्तरिक लगानीलाई प्रोत्साहन र बाह्य लगानीलाई आकर्षित गर्दै दिगो बैंकिङ विकासमार्फत औद्योगिकरण, कृषि, पर्यटन, जलविद्युत्, वनपैदावार, प्रविधि, साना तथा मझौला उद्योगको स्तरोन्नति, स्वउद्यमशीलता तथा स्टार्टअप व्यवसायलगायतका क्षेत्रमा लगानी विस्तारसहित दिगो र फराकिलो आर्थिक विकासका लागि समिट प्रस्थान बिन्दु बन्ने धारणा व्यक्त गरे ।

# ‘अधुरा आयोजनालाई पर्याप्त बजेट छुट्याऔं’

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रतिनिधिसभाको बैठकमा सांसदहरूले आगामी आर्थिक वर्षको बजेटमा अधुरा आयोजनालाई पर्याप्त बजेट विनियोजन गर्नुपर्ने धारणा राखेका छन् । दलीय आधारमा आफ्ना धारणा राख्नेक्रममा नेपाली कांग्रेसका सांसद श्यामकुमार घिमिरेले आगामी आर्थिक वर्षको बजेटमा क्रमागत र अधुरा आयोजनालाई प्राथमिकतामा राख्नुपर्ने बताए । ‘अधुरा आयोजना पूरा गर्ने गरी आगामी आर्थिक वर्षको बजेट बनाउन केन्द्रित होऔँ’, सांसद घिमिरेले भने ।

निर्वाचन क्षेत्र रणनीतिक सडक आयोजनाको काम अलपत्र परेको उल्लेख गर्दै सांसद घिमिरेले यी सडक आयोजनाका लागि आगामी आर्थिक वर्षमा पर्याप्त बजेट विनियोजन गर्नुपर्ने बताए । विश्वविद्यालय ऐन चाँडो कार्यान्वयनमा ल्याउनुपर्नेमा उनले जोड दिए ।

बैठकमा नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सांसद लीलानाथ श्रेष्ठले वर्तमान सरकार गठन भएपछि विविध समस्या समाधान भएको दाबी गरे । ‘वर्तमान सरकार बनेपछि उखु किसान, दुग्ध किसानले उत्पादनको भुक्तानी पाएका छन् । विकास निर्माण कम्पनीहरूका रकम भुक्तानी भएका छन्’, उनले भने, ‘अहिलेको सरकार गठन हुँदै गर्दा मुलुकको अर्थतन्त्रको अवस्था अत्यन्त दयनीय थियो । त्यसलाई सही दिशामा ल्याइएको छ ।’

पछिल्लो समय समाजमा अराजकता र उद्दण्डताले प्रश्रय पाएको उहाँको भनाइ छ । ‘सामाजिक सञ्जालमा हेर्नै नसकिने शब्द लेखिएका छन् । सम्माननीय व्यक्तिहरू माथि सुन्नै नसकिने शब्द प्रयोग भएका छन्,’ उनले भने । लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको विकल्प नरहेको स्पष्ट पार्दै उनले नागरिकको हितका लागि एकजुट भइ अघि बढ्नुपर्नेमा जोड दिए ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का सांसद हितबहादुर तामाङले विद्यमान सरकार नेपाली नागरिकप्रति जिम्मेवार र जवाफदेही हुन नसकेको आरोप लगाए । नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङका विषयमा सरकारले गरिरहेको काम सही नभएको धारणा उनले राखे । वर्तमान सरकारले आफूले नियुक्ति गरेको मान्छे होइन भन्दैमा घिसिङ माथि अत्याचार गर्न नहुने उनको भनाइ छ । त्यसैगरी ‘डेडिकेटेड’ र ‘ट्रङ्कलाइन’को महशुल विवाद टुंग्याउन सरकारले गरिरहेका प्रयास बारे उनले प्रश्न गरे । संसद्मा विचाराधिन विधेयकमाथिको छलफल र पारित गर्ने प्रक्रियामा शीघ्रता दिनुपर्ने आवश्यकता उनले औंल्याए । संघीय निजामती सेवा ऐन, प्रहरीसँग सम्बन्धित विधेयक छिटो टुंग्याउन उनले आग्रह गरे ।

# पर्यटक पर्खिरहेको थामचौर

**ढोरपाटन (बागलुङ)–** समुन्द्री सतहदेखि करिब दुई हजार २०० मिटरको उचाईमा छ थामचौर । अग्लो पहाडको टुप्पोमा टक्क अडिएको थामचौर प्राकृतिक सुन्दरताले भरिपूर्ण छ । अझ यहाँबाट देखिने दृश्यले धेरैलाई मोहित पार्छ । उत्तरतिर सेताम्य हिमशृंखला, लालीगुराँस फुलेर रातम्या बनेका जंगल र अग्ला पहाड अवलोकनका लागि थामचौर उत्कृष्ट गन्तव्य हो ।

भौगोलिक विकटताका कारण हालसम्म ओझेलमा रहेको थामचौरमा पछिल्लो समय छिटफुट आन्तरिक पर्यटक पुग्न थालेका छन् । मध्यपहाडी लोकमार्गको भिमगिठे बजारदेखि करिब १३ किलोमिटर उत्तरमा रहेको थामचौर पुग्न सडक मार्गको सुविधा भए पनि व्यवस्थित छैन । शान्त वातावरण, स्वच्छ हावा र चराचुरुंगीको चिरविर आवाजले पर्यटकको थकान मेटाउँछ ।

बागलुङको बडिगाड गाउँपालिका-७ भिमगिठे बजारको शिरमा अवस्थित थामचौरमा गाडी वा पैदल दुवै किसिमले पुग्न सकिन्छ । भिमगिठेदेखि डाँडागाउँ, माझखर्क, असारेगाउँ छिचोल्दै थामचौर पुग्ने सडक केही अप्ठ्यारो हुँदा यात्रा नभए पनि थामचौर पुगेपछि यहाँको सुन्दरताले पर्यटकको थकान सहजै मेटाइ दिन्छ । आँखै अगाडि देखिने हिमाल, अनगिन्ती अग्ला पहाड र मनै फुरुङ्ग बनाउने विभिन्न प्रजातिका फूलले पर्यटकलाई स्वागत गरिरहेका हुन्छन् ।

थामचौरबाट धौलागिरिसहित आधा दर्जन हिमाल, ढोरपाटन, निसीखोला, बडिगाड, गुल्मी, प्युठान, रोल्पा, रुकुमलगायत थुप्रै ठाउँ एकै स्थानबाट सहजै देख्न सकिन्छ । त्यति मात्रै होइन विभिन्न प्रजातिका चराचुरुङ्गी र वन्यजन्तु नजिकैबाट देख्न सकिन्छ । अग्लो स्थानमा रहेको थामचौरलाई हिमाल, वन जङ्गल, खोलानाला, खोँच र बस्ती अवलोकन गर्ने भ्यूटावरका रूपमा लिइन्छ ।

यहाँ घुम्न आउने पर्यटकलाई स्थानीयवासीले आँटो, ढिँडो, लोकल कुखुरा, बोकाको मासु, मकैको रोटीलगायतका स्थानीय परिकार खुवाउने गर्छन् । पर्यटकका लागि गाउँपालिकाले केही पूर्वाधार निर्माण गरिरहेको छ ।

विशाल समथर मैदानमा फैलिएको थामचौरमा बडिगाड गाउँपालिकाले सार्वजनिक शौचालय, पोखरी, मन्दिर र पर्यटकका लागि बस्ने ट्रस्ट भवन निर्माण गरेको छ । बडिगाड गाउँपालिका-७ का स्थानीय रेखीराम बुढाले दशक अगाडि गाउँलेले वस्तुभाउ चरन क्षेत्रको रूपमा प्रयोग गर्ने ठाउँ अहिले पर्यटकीय गन्तव्य बन्न थालेको बताए ।

थमचौरमा बागलुङ र गुल्मीको विभिन्न स्थानबाट वनभोजका लागि पर्यटक आउने गरेका छन् । हरेक वर्ष नयाँ वर्ष र होली पूर्णिमाका दिन एक हजार बढी पर्यटक यहाँ आउने बुढाले बताए । बाह्रै महिना पर्यटक भित्र्याउनका लागि राज्यले व्यवस्थित सडक निर्माण गर्नुका साथै प्रचारप्रसार गर्नु पर्ने उनको भनाइ छ ।

मध्यपहाडी लोकमार्गको भिमगिठे बजारबाट गाडीमा ४५ मिनेट र करिब तीन घण्टाको पैदल यात्रामा थामचौर पुग्न सकिन्छ । बडिगाडले थामचौरलाई प्राथमिकतामा राखेर पर्यटकीय गन्तव्य बनाउन थालेको गाउँपालिका अध्यक्ष गण्डकी थापा अधिकारीले बताए । हालसम्म पालिकाले करिब रु ५० लाखको हाराहारीमा पूर्वाधार निर्माणमा खर्च गरेको छ । भौगोलिक कठिनाइका कारण सडकलाई व्यवस्थित बनाउन नसकेको उनले बताए ।

अध्यक्ष अधिकारीले भने, ‘पालिकाको बजेटले मात्रै थामचौरसम्म पुग्ने सडकलाई व्यवस्थित बनाउन सक्ने अवस्था छैन, यसका लागि तीनै तहका सरकारले सहकार्य गर्नुपर्छ, यद्यपी पालिकाबाट पनि धेरै लगानी गरेर अहिले पर्यटक आवतजावत गर्न सक्ने सडक बनाएका छौं, यति सडकलाई ग्राभेलसम्म गर्न पाए यहाँ पर्यटकको आगमन बढ्ने थियो । *रासस*

# चौथो दिन घट्यो नेप्से

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकको गिरावटले बिहीबार पनि निरन्तरता पाएको छ । गत सोमबारदेखि निरन्तर घटिरहेको नेप्से परिसूचक दुई दशमलव ७० अंकको गिरावट पछि दुई हजार आठ सय १८ दशमलव ४३ को विन्दुमा कायम भएको हो ।




तीन सय १० कम्पनीको एक करोड ९० लाख ४१ हजार पाँच सय १४ कित्ता शेयर ९३ हजार आठ सय ९५ पटक खरिदबिक्री हुँदा रू १० अर्ब १० करोड १८ लाख १७ हजार छ सय ८१ बराबरको कारोबार भएको छ ।

कारोबारमा बैंकिङ शून्य दशमलव शून्य तीन, विकास बैंक एक दशमलव ८६, उत्पादन तथा प्रशोधन शून्य दशमलव २४ र लघुवित्त शून्य दशमलव शून्य पाँच प्रतिशतले बढेको छभने अरु सबै समूहको उपसूचक घटेको छ ।

वित्त एक दशमलव २३, होटल तथा पर्यटन शून्य दशमलव ५७, जलविद्युत् शून्य दशमलव शून्य छ, लगानी शून्य दशमलव १४ र जीवन बिमा शून्य दशमलव ८० प्रतिशतले घटेको छ । त्यस्तै, म्युचुअल फण्ड शून्य दशमलव १८, निर्जीवन बिमा शून्य दशमलव शून्य चार, व्यापार शून्य दशमलव २४ र अन्य समूह शून्य दशमलव ७१ प्रतिशतले घटेको छ ।

गार्डियन माइक्रोलाइफ इन्स्योरेन्स लिमिटेड र भूगोल इनर्जी डेभलपमेन्ट कम्पनी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ ने नविल डिबेन्चर-२०८२ को शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा बढी हिमालयन रिइन्स्योरेन्स लिमिटेडको रू एक अर्ब १२ करोड ८३ लाख ६२ हजार बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा बढी घलेम्दी हाइड्रो लिमिटेडको १० लाख ६० हजार कित्ता शेयर किनबेच भएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ